# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शब्दकोश (शब्द + कोश) = शब्दकोश । यो व्युत्पत्तिका सन्दर्भमा शब्दकोश भन्नाले शब्दहरूको सङ्ग्रह भन्ने बुझिन्छ (लम्साल, २०५७ : १५) । सामान्य अर्थमा शब्दकोश भन्नाले शब्दहरूको सङ्ग्रह वा सङ्कलनलाई बुझाउँछ भने विशिष्ट अर्थमा शब्दादि भाषिक एकाइहरूको सुव्यवस्थित विन्यासलाई जनाउँछ । शब्दकोशबाट शब्दसूची मात्र नभएर त्यसभन्दा बढी कुराहरूको जानकारी पनि प्राप्त गर्न सकिन्छ । अन्य कुरा भन्नाले वर्णविन्यास, उखान-टुक्का, प्रचलित अप्रचलित शब्दको जानकारी, सम्बन्धित विषयको चित्र, नक्सा, तथ्याङ्क व्यक्ति र ठाउँको परिचय र भाषगत बोध र अभिव्यक्ति कुशलता विकास गर्न सकिन्छ ।

वैदिक कालदेखि नै कोश शब्दको व्यापक रूपमा प्रयोग विस्तार हुँदै आएको प्रमाण वैदिक साहित्यको प्राचीनतम ग्रन्थ 'ऋग्वेद' बाट पुष्टि हुन्छ । ऋग्वेदका साथै विभिन्न उपनिषद्मा कोश/कोष शब्दको प्रयोग अनेक अर्थमा गरिनुका साथै लौकिक साहित्यका रघुवंश, कादम्बरी, दुर्गासप्तशती आदि ग्रन्थहरूमा पनि विविध सन्दर्भमा कोश शब्दको प्रयोग गरिएको पाइन्छ । विश्वकै सबैभन्दा पुरानो कोश 'निघण्टु' लाई लिइएको स्रोत पाइन्छ । त्यसपछि सबैजसो शब्दकोशहरूमा विविध अर्थमा यस शब्दको प्रविष्टि भएको पाइन्छ ( लुइटेल, २०५८ : १) । कोशको प्रकृतिअनुसार शब्दकोशमा पाइने सूचना पनि फरक फरक हुन्छन् । विषयगत कोशले सम्बन्धित विषयको विविध पक्षलाई समेटेको हुन्छ भने विश्वकोशले विश्वका सम्पूर्ण क्षेत्रका ज्ञानलाई समेटेको हुन्छ ।

कोशहरूको आ-आफ्नै प्रयोजन र उद्देश्य रहेको हुन्छ । त्यसैले पठनपाठनका क्रममा आइपरेका समस्या साधान गर्न, ज्ञानको दायरा फराकिलो बनाउन, विषयगत सामान्य ज्ञान हासिल गर्ने जस्ता उद्देश्यले विषयगत, तहगत र कक्षागत विभिन्न तरिकाले कोशहरू निर्माण गरिएका छन् । प्रयुक्त शोधकार्य पनि कक्षा छका विद्यार्थीहरूमा केन्द्रित रही नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दहरूको नमुना शब्दकोश निर्माणमा आधारित छ । यस

अध्ययनमा पाठका अन्त्यमा राखिएका गाढा र अन्य शब्दहरू पनि लिइनेछ । यसमा शब्दहरूको उच्चारण, स्रोत, व्युत्पत्ति, पदवर्ग, अर्थ र प्रयोग पक्षलाई समावेश गरिएको छ । यसरी तयार गरिएको नमुना शब्दकोश नि.मा.वि. तहका विद्यार्थीहरूका लागि उपयोगी हुनुका साथै भावी अध्ययन अनुसन्धानकर्तालाई पनि थप सहयोग हुने अपेक्षाका साथ निर्माण गर्ने प्रयत्न गरिएको छ ।

## १.२ समस्या कथन

कुनै पनि विषयमा अनुसन्धान गर्दा समस्यामा केन्द्रित भई अनुसन्धेय विषयवस्तुलाई अगाडि बढाउनु पर्दछ । अनुसन्धान (शोधकार्य) कार्यका सिलसिलामा 'समस्या' भन्नाले अनुसन्धानको विषयवस्तु भन्ने बुझ्नुपर्छ (बन्धु, २०६५ : १७) । अनुसन्धानसँग सम्बन्धित प्रमुख समस्या, प्रश्नहरू र तिनका सम्भावित समाधान गर्ने उत्तरहरू नै समस्याकथन हो ।

नेपाली भाषामा एकभाषी, द्विभाषी र बहुभाषी थुप्रै कोशहरू निर्माण भएका छन् । जसमा शब्दहरूको सङ्ग्रह मात्र नभएर शब्दहरूको उच्चारण, स्रोत, व्युत्पत्ति पदवर्ग, अर्थ, समध्वनिक, शब्दहरूको प्रयोग, उदाहरण आदि कुरामा केन्द्रित छन् । कोश निर्माण अत्यन्त गम्भीर, कठिन, निरस, शुष्क, जिम्मेवार, जटिल र चुनौतीपूर्ण कार्य हो । यसका लागि निरन्तर प्रयास धैर्य र दीर्घसाधनाको आवश्यकता पर्छ । तसर्थ एउटै व्यक्तिको प्रयास र साधनाले मात्र यसका लागि दुरुह ठानिन्छ । कुनै पनि कार्य गर्दा चुनौती अगाडि हुन्छ । तिनै समस्याको केन्द्रीयतामा रहेर अनुसन्धानको निष्कर्ष निस्कन्छ । प्रस्तुत कक्षा छको वि.सं. २०७४ को पाठ्यपुस्तकमा केकस्ता शब्दहरू छन्, तिनमा आधारित भई कोशनिर्माण गर्न सकिन्छ वा सकिँदैन सम्बन्धित विद्यार्थी, शिक्षकलाई सहयोग गर्ला भन्ने जिज्ञासालाई यस अध्ययनको समस्याका रूपमा लिइएको छ । यी निम्नअनुसार रहेका छन् :

(क) कक्षा छ (२०७४) को नेपाली पाठ्यपुस्तकमा के-कस्ता शब्दहरू समावेश भएका छन् ?

(ख) उक्त शब्दहरूलाई वर्णानुक्रममा राखेर अध्ययन गर्न सकिन्छ ?

(ग) प्रयुक्त शब्दहरूका उच्चारण, स्रोत, पदवर्ग र अर्थ सहित नमुना कोश तयार गर्न सकिन्छ ?

## १.३ शोधकार्यको उद्देश्य

कुनै पनि कार्य गर्नुको पछाडि त्यसको कुनै न कुनै उद्देश्य अपरिहार्य रूपमा रहेको हुन्छ । उद्देश्यविनाको कार्य आशातीत सफलतातर्फ उन्मुख हुन सक्दैन । शोधकार्य जस्तो जटिल र गहन विषयमा उद्देश्य अनिवार्य हुन्छ । कुनै पनि कुराको खोजी गर्नु भन्ने कुरामा उद्देश्य निर्धारित हुन्छ । तसर्थ समस्याकथनभित्र उल्लेख गरिएका समस्याहरूको समाधान गर्नु प्रस्तुत अध्ययनको उद्देश्य रहेका छन् । प्रस्तुत शोधकार्यको उद्देश्य निम्नानुसार रहेका छन् :

(क) कक्षा छ (२०७४) को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरू सङ्कलन गर्नु,

(ख) सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा राखी प्रस्तुत गर्नु,

(ग) सङ्कलित शब्दहरूका उच्चारण, स्रोत, पदवर्ग, अर्थ र उदाहरण सहित नमुना कोश निर्माण गर्नु ।

## १.४ शोधकार्यको/अध्ययनको औचित्य

शोधप्रस्तावमा शोधार्थी आफूले गर्न लागेको शोधको औचित्यमाथि प्रकाश पार्नुलाई शोधको औचित्य भनिन्छ (भण्डारी र अन्य, २०६८ : १२२) । कुनै पनि अध्ययन अनुसन्धान, अन्वेषण, खोज र आविष्कारको आफैं महत्त्व रहेको हुन्छ । तसर्थ वर्तमान कक्षा छको नेपाली पाठ्यपुस्तकमा समावेश शब्दहरूको नमुना शब्दकोश निर्माण पनि आफैंमा महत्त्वपूर्ण कार्य मानिन्छ । शब्दकोशले भाषालाई व्यवस्थित गराउँछ । मुख्यतः कोशविज्ञानको भाषाविज्ञान, व्याकरण र साहित्यसँग प्रगाढ सम्बन्ध रहेको हुन्छ । नेपाली भाषाका क्षेत्रमा एक भाषी र बहुभाषी कोश निर्माण भएका छन् । शब्दकोश सम्बन्धी गरेका शोधकार्यमा उपभाषिका शब्दकोश निर्माण, बझाङी भाषिकाको शब्दकोश निर्माण, कोशहरूको तुलनात्मक अध्ययन निश्चित क्षेत्रमा प्रस्तुत शब्दभण्डारको अध्ययन नेपाली शब्दसागरको कोश वैज्ञानिक अध्ययन गरेका छन् भने कसैले विभिन्न तहका कुनै एउटा कक्षाको पाठ्यपुस्तक विधाहरूमा रहेका शब्दहरूको अध्ययन गरेका छन् । यसरी नेपाली शब्दकोश निर्माण परम्परा उन्नाइसौं शताब्दीको सुरुदेखि नै भए तापनि कोशको विषयमा तहगत रूपमा सामान्य कोश निर्माण भए पनि कक्षागत रूपमा नमुना कोशनिर्माण खासै पर्याप्त नभएकाले यस शोधमा कक्षागत रूपमा नेपाली विषयमा आधारित रहेर अध्ययन अनुसन्धान नमुना कोश निर्माण गर्नु आफैंमा औचित्यपूर्ण रहेका छन् ।

प्रस्तुत शोधकार्यको अध्ययनबाट शब्दकोशमा हिज्जे, वर्णविन्यास, उच्चारण, स्रोत, व्युत्पत्ति, पदवर्ग र अर्थका साथै उदाहरणको  प्रयोग गरने हुँदा कक्षा छका विद्यार्थी, शिक्षक विद्यालयमा पठनपाठन गर्न, मातृभाषामा आधारित दोस्रो भाषाको अध्ययन-अध्यापन गर्न, प्रचलित, कम प्रचलित आदि शब्दार्थको ज्ञान गर्न, भाषिक-व्याकरणिक क्षमताको विकास गर्न, शब्दकोशका बारेमा जानकारी राख्न चाहने व्यक्तिका लागि अस्पष्ट लागेका शब्दहरूको सूचना, सजिलै प्राप्त हुने भएकाले यो शोधकार्य महत्त्वपूर्ण देखिन्छ । प्रयोगात्मक नेपाली शब्दकोश, बृहत् शब्दकोश जस्ता शब्दकोशको प्रयोग सबै विद्यार्थीका लागि असहज हुने हुँदा आवश्यकता अनुसार कठिन लागेका शब्दहरू सजिलै प्राप्त गराउन प्रस्तुत नमुना शब्दकोशले सहयोग पुऱ्याउँछ । तसर्थ कक्षा छको पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण शीर्षकमा अध्ययन विश्लेषण गर्नु महत्त्वपूर्ण देखिन्छ ।

## १.५ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यलाई निम्नलिखित आधारमा सीमाङ्कन गरिएको छ :

(क) प्रस्तुत शोधकार्य कक्षा छ (२०७४) को नेपाली पाठ्यपुस्तकमा पाठका अन्त्यमा समाविष्ट गाढा अक्षरका शब्दहरू र अन्य शब्दहरू पनि लिइएको छ ।

(ख) सङ्कलित शब्दहरूलाई मूल प्रविष्टिमा राखी तिनको उच्चारण, स्रोत, व्युत्पत्ति, पदवर्ग, अर्थ र उदाहरण दिइएको छ ।

(ग) शब्दहरूको वर्णानुक्रम, पदवर्ग पहिचानको आधार र शब्दको अर्थ 'प्रयोगात्मक नेपाली शब्दकोश' र बृहत् नेपाली शब्दकोशबाट लिइएको छ ।

(घ) स्रोतका दृष्टिले तत्सम शब्दलाई (तत्स) आगन्तुकलाई (आ) अनुकरण मूलकलाई (अमू) भनी सङ्केत गरिएको छ भने तद्भवलाई कुनै सङ्केत गरिएको छैन ।

(ङ) मानव उच्चारण भन्दा भिन्न लेख्य स्वरूप भएका शब्दहरूको मात्र उच्चारण देखाइएको छ ।

(च) अध्ययनका क्रममा सङ्कलन गरिएका शब्दहरूमध्ये शब्दसम्बन्धी सूचना प्राप्त भएका शब्दहरूलाई मात्र यस अध्ययनमा समावेश गरिएको छ ।

(छ) प्रविष्टिका क्रममा एकभन्दा बढी अर्थ र प्रयोजन लिएका आएका शब्दलाई प्रविष्टिको छेउमा १, २, ३ ..... सङ्केत गरी प्रस्तुत गरिएको छ ।

## १.६ अध्ययनको रूपरेखा

शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित बनाउनका लागि विभिन्न अध्याय र त्यसअन्तर्गत शीर्षक र उपशीर्षक दिएर संरचित गरी शोधपत्रको रूपरेखा निर्माण गर्न सकिन्छ । प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : यसअन्तर्गत शोधको परिचय शीर्षक रहनेछ जसमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, शोधको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको सीमाङ्कन, अध्ययनको रूपरेखा रहेको छ ।

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा शीर्षकअन्तर्गत पूर्वकार्यको पुनरावरलोकन, पुस्तकको पुनरावलोकन, शोधपत्रको पुनरावलोकन, कोशविज्ञानको सैद्धान्तिक प्रारूप, कोश सम्पादन प्रक्रिया र शब्दकोशको महत्त्व आदि जस्ता उपशीर्षकहरूरहेका छन् ।

अध्याय तिन : अध्ययन विधि/शोध विधि मूल शीर्षक रहेको छ भने प्राथमिक सामग्री, द्वितीय सामग्री, सामग्री सङ्कलन र विश्लेषण उपशीर्षक रहेका छन् ।

अध्याय चार : कक्षा छ (२०७४) को नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण मुख्य शीर्षक नमुनाकाशको प्रयुक्त शब्दको विश्लषण, स्रोत पदवर्ग र वर्णका आधारमा शब्दहरूको विश्लेषण

अध्याय पाँच : तथ्याङ्कको व्याख्या तथा विश्लेषण मुख्य शीर्षक शब्दको अर्थ लेख्ने र शब्दलाई वाक्यमा प्रयोग गर्ने उपशीर्षकहरू रहेका छन् ।

अध्याय छ : सारांश, निष्कर्ष र उपयोगिता मुख्य शीर्षक रहेको छ । शोधपत्रको अन्त्यमा सन्दर्भसूची परिशिष्ट र व्यक्तिवृत्त राखी शोधपत्रको पूर्ण रूप तयार पारेको छ ।

सन्दर्भ सामग्री

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

शोधार्थीले शोधकार्यको आरम्भ गर्दा वा त्यसका निमित्त शोधप्रस्ताव तयार गर्दा आफूले शोध गर्न चाहेको विषयमा त्यसपूर्व के कति अध्ययन, खोज, अनुसन्धान तथा प्रकाशन कार्य भएका छन् भन्ने कुराको जानकारी प्राप्त गर्नुपर्ने हुन्छ जसलाई पूर्वकार्यको खोज भनिन्छ (भण्डारी, २०७३ : ५३-५४) । पूर्वकार्यको समीक्षाले कुनै पनि विषयमा शोधकार्य गर्नुभन्दा पहिला को, कसले, के, कति कार्य गरेका छन् । उक्त कार्यबाट के उपलब्धि प्राप्त भए र ती क्षेत्रमा अझै कस्ता समस्याहरू रहेका छन् ? शोधार्थीको प्रस्तुत शोधकार्य सम्पन्न गर्नमा के कति मद्दत पुऱ्याउँछन् भन्ने कुराहरू पर्दछन् । उक्त विषय क्षेत्रले ओगटेको शीर्षकमा के कति कार्य भए अब के के बाँकी छन् भन्ने कुरा पनि प्रस्ट गराउँछ ।

प्रस्तुत शोधपत्रसँग सम्बन्धित विगतमा भएका प्रयासहरूको जानकारी दिनु पूर्वकार्यको समीक्षा गर्नु पूर्वकार्यको समीक्षा हो । वर्तमानमा आइपुग्दा शब्दकोश सम्बन्धी विभिन्न अध्ययन, अनुसन्धान र खोजी भएका छन् । अतः पूर्वकार्यको अध्ययनलाई नेपाली शब्दकोश र शब्दकोश सम्बन्धी गरिएका अध्ययनसँग सम्बन्धित रहेर अध्ययन विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

### २.१.१ पुस्तकको समीक्षा

लम्साल (२०५७) द्वारा *कोशविज्ञान र नेपाली कोश* मा कोशविज्ञानको सैद्धान्तिक चर्चा व्यापक रूपमा गरिएको छ । आठ अध्यायमा विभाजित उक्त कृतिमा पहिलो अध्यायमा विषयप्रवेश, कोशपरिचय, कोश वर्गीकरण, शब्दकोशको स्वरूप, कोश-सम्पादन प्रक्रिया भाषासंख्यापरक कोश र यसका समस्या, नोपली कोशको ऐतिहासिक विकासक्रम, नेपाली कोशका प्रकार गरी आठ अध्याय रहेको छ ।

लुइटेल (२०५८) द्वारा *कोशविज्ञान* मा कोश र कोशविज्ञानको पहिचानदेखि कोशको वर्गीकरण नेपाली शब्दकोशको विकास प्रक्रियाः संक्षिप्त रेखाङ्कन कोशविश्लेषणको प्रारूप,

नेपाली शब्द सागरको विश्लेषण जस्ता शीर्षकमा रही विभिन्न उपशीर्षकको सम्बन्धमा प्रस्ट्याइएको पाइन्छ ।

*नेपाली बृहत् शब्दकोश* (२०६९) मा नेपाली भाषामा प्रयोग हुने शब्दलाई सङ्कलन गरेर वर्णानुक्रममा राखिएको, शब्दको अर्थ प्रस्तुत गरिएको, व्युत्पत्तिगत अर्थ दिइएको, पर्यायवाची, विपर्याय र वाक्यमा प्रयोगसमेत गरिएको हुँदा सो शब्दकोशको विद्यार्थीहरूको शब्दभण्डार क्षमताको वृद्धि गर्नुका साथै शब्दकोशको प्रयोग गर्ने तरिका, शब्दकोशको स्वरूपको जानकारी गराउने र जटिल शब्दलाई सहजै बुझ्न सकिने हुँदा प्रस्तुत शोधकार्य परिपूर्ति गर्नका लागि प्रस्तुत नेपाली बृहत् शब्दकोशबाट कोश निर्माणको ढाँचासहित सैद्धान्तिक आधार लिइएको छ ।

आचार्य र गौतम (२०६६) द्वारा *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू* पुस्तकको कोशविज्ञान शीर्षकमा कोशविज्ञानको परिचय, कोशको परिचय प्रकार र विशेषता, कोश निर्माण योजना र सामग्री  सङ्कलन प्रक्रिया, कोशको स्वरूप र कोश सम्पादन प्रक्रिया, कोश निर्माणका चरण, व्याकरण निर्देशक विधि अर्थ निर्देशक, नेपाली कोश परम्परा, नेपाली कोश निर्माणमा देखापरेका समस्याहरू र कोशको शैक्षणिक महत्त्वसमेत चर्चा गरिएको छ । कोशको परिचय कोश निर्माणका सामग्री कसरी सङ्कलन गर्ने शब्दको अर्थको निर्देशन दिइएको र शैक्षणिक प्रयोजनका लागि महत्त्वपूर्ण रहेकाले प्रस्तुत शोधकार्य शोधकार्य सम्पन्न गर्नका लागि यो पुस्तक सैद्धान्तिक आधार लिइएको छ ।

लामिछाने (२०७०) द्वारा *सामान्य र प्रायोगिक भाषाविज्ञान* मा कोशविज्ञान शीर्षकअन्तर्गत कोशविज्ञानको परिचय, कोशको परिचय, प्रकार र विशेषता, कोश निर्माण, शब्दकोशको स्वरूप, शब्दकोश सम्पादन प्रक्रिया, कोशनिर्माणका समस्या शिक्षणका सन्दर्भमा कोशको महत्त्व र शैक्षिक प्रयोजनका लागि यो पुस्तक पनि उपयोगी रहेको छ ।

### २.१.२ शब्दकोशसँग सम्बन्धित शोधकार्यको पुनरावलोकन

ढकाल (२०६९) द्वारा 'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको नमुना शब्दकोश निर्माण' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनमा शोधपरिचय, पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा, अध्ययन विधि, कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दकोश निर्माण सारांश, निष्कर्ष र उपयोगिता गरी पाँच

अध्यायमा विभाजन गरिएको छ । यसमा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको सङ्कलन गर्नु, सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा राखी प्रस्तुत गर्नु, सङ्कलित शब्दहरूको उच्चारण, स्रोत, व्युत्पत्ति, पदवर्ग, अर्थ र उदाहरण प्रस्तुत गर्नु कार्य सम्पन्न गर्नका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

दाहाल (२०६९) द्वारा 'कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको नमुना कोश निर्माण' शीर्षकमा शोधकार्य गरेको पाइन्छ । यसलाई शोधपरिचय, कोशको सैद्धान्तिक परिचय, वर्णानुक्रममा शब्द सङ्कलन, कोश सम्पादन, निष्कर्ष र उपसंहार गरी पाँच अध्यायमा विभाजन गरिएको छ । उक्त अध्ययनमा कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयोग गरेका बढीमा ३५० शब्दहरूको सङ्कलन गर्नु, सम्बद्ध कक्षाका विद्यार्थीको आवश्यकता पहिचान गरी वर्णानुक्रममा कोश सम्पादन गर्नु, अर्थ उच्चारण पर्याय, विपर्याय पदवर्ग आदिका आधारमा नमुना कोश सम्पादन गर्नु जस्ता उद्देश्यमा केन्द्रित देखिन्छ । उक्त शोध तयार गर्दा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी सङ्कलित सामग्रीलाइ्र व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको हो ।

कार्की (२०७०) द्वारा 'कक्षा छको नेपाली किताबमा समाविष्ट कथा विधामा प्रयुक्त शब्दहरूको नमुना शैक्षिक शब्दकोश निर्माण' शीर्षकमा स्नातकोत्तर शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्र तयार पार्नुको उद्देश्य कक्षा छको नेपाली पाठ्यपुस्तकको कथा विधामा रहेका शब्दहरूको सङ्कलन गर्नु, सङ्कलित शब्दहरूको अर्थ, उच्चारण, पर्याय, विपर्याय, स्रोत, पदवर्ग आदिका आधारमा शब्दको सम्पादन गर्नु, सङ्कलित शब्दहरूलाई विद्यार्थीको आवश्यकताको पहिचान गरी वर्णानुक्रममा राख्नु रहेको छ । कथा विधाका जम्मा १६१ वटा शब्दहरूको सङ्कलन गरिएको छ । उक्त अध्ययनका लागि पुस्तकालय अध्ययन गरिएको छ । उक्त शोधपत्रमा प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ ।

पन्थी (२०७०) द्वारा 'अर्घाखाँची-गुल्मेली उपभाषिका शब्दकोश निर्माण' शीर्षकमा अध्ययन गरिएको पाइन्छ । उक्त अध्ययनमा अर्घाखाँची-गुल्मेली उपभाषिकामा पाइने शब्दहरूको सङ्कलन गर्नु, अर्घाखाँची-गुल्मेली उपभाषिकामा पाइने मौलिक शब्दहरूको वर्णानुक्रम मिलाउनु, अर्घाखाँची-गुल्मेली उपभाषिकाका मौलिक शब्दहरूको उच्चारण, व्युत्पादन तथा पदवर्ग निर्धारण गर्नु अर्घाखाँची-गुल्मेली उपभाषिकामा प्रचलित मौलिक

शब्दहरूको पर्याय, परिभाषा र व्याख्या गरी तिनको उपयुक्त अर्थलेखन गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । यसमा शोध परिचय, अर्घाखाँची-गुल्मेली उपभाषिकाको परिचय भाषिका कोशको परम्परा र अर्घाखाँची-गुल्मेली उपभाषिका कोशको स्वरूप, अर्घाखाँची-गुल्मेली उपभाषिकाको शब्दकोश, उपसंहार गरी पाँच अध्यायमा विभाजन गरिएको छ । मूलतः क्षेत्रीय र पुस्तकालयीय विधिमा आधारित रहेको छ ।

भारती (२०७१) द्वारा 'कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको नमुना कोशनिर्माण' शीर्षकमा शोधपत्र तयार पारिएको छ । यसलाई शोधपरिचय, पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा, अध्ययन विधि र प्रक्रिया, कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको नमुना कोश निर्माण, सारांश, निष्कर्ष र उपयोगिता गरी पाँच अध्यायमा विभाजन गरिएको छ । प्रस्तुत शोधमा कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दहरूको सङ्कलन गर्नु, सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा राखी प्रस्तुत गर्नु सङ्कलित शब्दहरूको उच्चारण, स्रोत, व्युत्पत्ति र अर्थका साथै उदाहरण प्रस्तुत गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । मूलतः अध्ययनका क्रममा प्राथमिक स्रोत कक्षा सातको नेपाली पाठ्यपुस्तकलाई लिइएको छ भने द्वितीयक स्रोतमा सम्बन्धित भाषाका शब्दकोशहरू विभिन्न प्रकाशकबाट प्रकाशित सन्दर्भ पुस्तकहरू उपयोग गरिएको छ । कोशसँग सम्बन्धित पाठ्यपुस्तकहरू, पत्रपत्रिका, लेखरचना, विभिन्न विद्वान् तथा सहपाठीबाट प्राप्त राय, सल्लाह सुझावलाई उपयोग गरिएको छ ।

राई (२०७१) द्वारा 'कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दकोश' निर्माण शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनमा शोधपरिचय, पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा, अध्ययन विधि, कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दकोश निर्माण सारांश, निष्कर्ष र उपयोगिता गरी पाँच अध्यायमा विभाजन गरिएको छ । यसमा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको सङ्कलन गर्नु, सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा राखी प्रस्तुत गर्नु, सङ्कलित शब्दहरूको उच्चारण, स्रोत, व्युत्पत्ति, पदवर्ग, अर्थ र उदाहरण प्रस्तुत गर्नु कार्य सम्पन्न गर्नका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

बोगटी (२०७२) द्वारा 'माध्यमिक तहको नेपाली पाठ्यपुस्तकको नमुना शैक्षिक शब्दकोश निर्माण' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यका मुख्य उद्देश्यका रूपमा माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दहरू सङ्कलन गरी सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा राखी शैक्षिक शब्दकोश तयार पार्नु, सङ्कलित शब्दहरूलाई उच्चारण, स्रोत, व्युत्पत्ति पदवर्ग, अर्थ, प्रयोजनका दृष्टिले प्रस्तुत गर्नु रहेका छन् । यस शोधकार्यमा कक्षा नौ र दशको पाठ्यपुस्तकबाट सामग्री सङ्कलन गर्दै सैद्धान्तिक आधारका लागि विभिन्न पाठ्यपुस्तक, अन्य सन्दर्भपुस्तक, शोधपत्र, लेखरचना आदिको सहयोग लिइएको छ । उक्त शोधकार्यमा मूल रूपमा पुस्तकालयीय विधि र आंशिक रूपमा वर्णनात्मक र विशेषणात्मक विधिको उपयोग गरिएको छ । माध्यमिक तहको कक्षा नौ र दसको नेपाली पाठ्यपुस्तकबाट २२९ शब्दहरू सङ्कलन गरी वर्णानुक्रमका आधारमा कोशमा प्रविष्टि दिएर तिनीहरूको उच्चारण, स्रोत, व्युत्पत्ति, अर्थ, पदवर्ग, उदाहरण र प्रयोगलाई प्रस्तुत गरिएको छ । उक्त शोधपत्र प्रस्तुत शोधकार्यसँग सम्बन्धित भएकाले नमुना शब्दकोश निर्माण कार्यलाई अगाडि बढाउन सैद्धान्तिक आधार प्रदान गरेको छ ।

भण्डारी (२०७२) द्वारा 'कक्षा आठको नेपाली पाठ्यपुस्तकमा आधारभूत नमुना शब्दकोश निर्माण' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य कक्षा आठको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको सङ्कलन गर्नु सङ्कलित शब्दलाई वर्णानुक्रममा राखी गर्नु शब्दहरूका उच्चारण स्रोत, पदवर्ग, अर्थ र उदाहरण दिएर नमुना शब्दकेश निर्माण गर्नु रहेको छ । उक्त शोधमा कक्षा आठको नेपाली किताबबाटट ३९८ वटा शब्दहरू लिइएको छ । जम्मा पाँच अध्यायमा विभाजित उक्त शोधपत्र मुख्यतः पुस्तकालीय अध्ययनमा आधारित छ भने आवश्यकताअनुसार व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस पूर्वकार्यको समीक्षाले शब्दको प्रयोगमा आउने अन्यौलतालाई पहिचान गर्न सहयोग गर्ने, उद्देश्यको निर्धारण, समस्याकथन, अध्ययन विधि र अध्ययनको औचित्य कसरी लेख्ने भन्ने अन्यौलता हटाउनका साथै सैद्धान्तिक आधार प्रदान गर्न सहयोग पुऱ्याएको छ ।

जोशी (२०७४) द्वारा 'कक्षा दशको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण' मा केन्द्रित रहेको छ । कक्षा दशको पाठ्यपुस्तकमा समावेश गरेका शब्दार्थमा निर्माणमा केन्द्रित रहेको छ । कक्षा दशको पाठ्यपुसतकमा समावेश गरेका शबदार्थमा दिइएका शबदहरूमा साथै अन्य शब्दहरूलाई विद्यार्थीहरूको तह र आवश्यकताअनुसार

सङ्कलन गरिएको छ । यी ती सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा प्रविष्टि दिई तिनको उच्चारण, स्रोत, पदवर्ग, अर्थ र उदाहरणसमेत प्रस्तुत गरी नमुना शब्दकोश निर्मण कार्य गरिएको छ । यस शोधमा प्रमुख रूपमा पुस्तकालयीय अध्ययन र सहायक रूपमा क्षेत्रगत अध्ययन गरिएको छ ।

लामिछाने (२०७४) द्वारा 'कक्षा तीनको नेपाली किताबमा समाविष्ट शब्दहरूको नमुना शैक्षिक शब्दकोश निर्माण' शीर्षकमा शोधपत्र तयार पारिएको हो । उक्त शोधपत्रमा शोधको परिचय, शबदकोशको सैद्धान्तिक अवधारणा, कक्षा दुई र तीनको नेपाली किताबमा समाविष्ट शब्दहरूको नमुना शैक्षिक शब्दकोश निर्माण र उपसंहार गरी पाँच अध्यायमा विभाजन गरिएको छ । कठिन शब्दहरूको वर्णविन्यास र उच्चारण उल्लेख गर्नु ती शब्दहरूको उपयुक्त र सान्दर्भिक अर्थ लेख्नु, कठिन शब्दहरूको व्युत्पत्ति स्रोत देखाउनु यसमा पाठ्यपुस्तक र पुस्तकालयीय विधि अपनाइएको छ ।

यसरी शब्दकोशसम्बन्धी कार्यहरू व्यक्तिगत संस्थागत र सरकारी स्तरबाट भए पनि शोधकार्यको रूपमा कम मात्रामा भएको पाइन्छ । सैद्धान्तिक विधागत, तहगत रूपमा केही निर्माण भए तापनि कक्षागत रूपमा अहिलेसम्म त्यति नभएको कक्षा छको नवीन संस्करणको पाठपुस्तकमा आधारित भएर यसको अध्ययन विश्लेषण गरिएको छ ।

अनुसन्धान प्रस्ताव तयार पार्नका लागि सर्वप्रथम अनुसन्धान गरिने विषयसँग सम्बन्धित पाठ्यपुस्तक अथवा ग्रन्थहरूको अध्ययन गरिनुपर्ने रहेछ । अध्ययन गरिसकेपछि समीक्षा गर्ने क्रममा मैले निष्कर्षमा भनुनपर्दा कोशविज्ञान शीर्षक अध्ययनगत विभिन्न पुस्तकहरूको अध्ययन गरे तीमध्ये ६ वटा पुस्तकहरू समीक्षा गर्ने यी पुस्तकहरूको समीक्षा गर्दा मैले कोश विज्ञानको परिचय, कोशको परिचय, प्रकार र विशेषता, कोश निर्माणका योजना र सामग्री सङ्कलन प्रक्रिया कोशको स्वरूप र कोश सम्पादन प्रक्रिया, कोश निर्माणका चरण व्याकरण निर्देशक विधि अर्थ निर्देशक, नेपाली कोश परम्परा, नेपाली कोश निर्माणमा देखापरेका समस्याहरू कोशको शैक्षणिक महत्त्वसमेत चर्चा गरेको पाए सबै पुस्तकहरू यसै गरी राखिएको पाएँ ।

शोधकार्यको पुनरावलोकनमा भने कुनै शोध ४ अध्याय कुनैमा ५ अध्याय, कुनैमा ६ र ७ अध्यायमा लेखिएको पाएँ । शोधशीर्षकअनुसार फरक फरक तरिकाले शोधकार्य भएको

पाएँ । आ-आफ्नो शीर्षकअनुसारका उद्देश्य, समस्या, अध्ययन विधि, नमुना शब्दकोश निर्माण गरिएको छ । अनुसन्धानकर्ताहरूले आ-आफ्नो अनुसन्धानको सीमा निर्धारण गरिएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

यसमा कोशविज्ञान वा कोश सम्पादनका आवश्यक सिद्धान्तहरूको व्यवस्थित रूपले विवेचना गरिएको हुन्छ । यसरी शब्दकोशको निर्माणकलाको सैद्धान्तिक विवेचना भएको विधाका रूपमा चिनिने कोशविज्ञान हो । यसमा कोशको परिचय, शब्दकोशको स्वरूप कोश सम्पादन प्रक्रिया शब्दकोश महत्त्व रहेको छ ।

### २.२.१ कोशको परिचय

कोश शब्दको कोशीय अर्थ भण्डार वा ढुकुटी हो । कोश निर्माण गर्ने परम्परा सर्वप्रथम वेदमा रहेका कठिन वा दुरुह शब्दहरूको पर्याय दिने उद्देश्यले पूर्वीय परम्पराबाट सुरु भएको मानिन्छ । वैदिक ग्रन्थ ऋग्वेदका साथै विभिन्न उपनिषद् ग्रन्थहरूमा कोश/कोष शब्दको प्रयोग अनेक अर्थमा गरिएको पाइन्छ । वैदिक साहित्यका उपर्युक्त विभिन्न ग्रन्थहरूका अतिरिक्त लौकिक साहित्यका रघुवंश, कादम्बरी, दुर्गासप्तशती आदि विभिन्न ग्रन्थहरूमा पनि विभिन्न सन्दर्भ र विभिन्न अर्थहरूमा कोश शब्दको प्रयोग गरिएको भेटिन्छ । शब्दकोशमा कोश शब्दको प्रथम प्रयोग सम्भवतः विश्वकै सर्वप्रथम कोशका रूपमा लिइने निघण्टुमा गरिएको मानिन्छ । यसपछिका सबैजसो शब्दकोशहरूमा विविध अर्थमा यस शब्दको प्रविष्टि भएको पाइन्छ (लुइटेल, २०५८ : १) । निघण्टुको रचना ई.पू. आठौं शताब्दीतिर भएको मानिन्छ । त्यसपछि निरुक्त ग्रन्थमा निघण्टुमा सङ्गृहीत शब्दहरूको व्युत्पत्ति दिइएको छ । शब्दहरूकै प्रकृति र प्रत्ययको विश्लेषण भएकाले निरुक्तलाई व्युत्पत्ति शास्त्र भनिएको पाइन्छ ।

### २.२.२. शब्दकोशको परिचय

कुनै पनि भाषामा रहेका शब्दसम्बन्धी सूचनालाई प्रयोजनअनुसार व्यवस्थित गरी बनाइएको ग्रन्थलाई शब्दकोश भन्ने गरिन्छ । व्यत्पत्तिगत सन्दर्भमा शब्दकोश भन्नाले शब्दहरूको सङ्ग्रह भन्ने बुझिन्छ । शब्दकोशमा शब्दको सूचीमात्र नभएर शब्द सम्बन्धी विविध पक्ष तथा उखान टुक्काहरू जस्ता पदावली र वाक्यरचना उदाहरण जस्ता शब्दका वृहत्तर एकाइहरू एवम् धातु व्युत्पादन र रूपायन जस्ता शब्दतलका लघुतर भाषिक

एकाइहरू पनि समावेश गरिएका हुन्छन् । परम्परागत अर्थमा शब्दसूचीमा सीमित भएको शब्दकोश अर्थ विस्तार गर्दै व्यापक अर्थमा उक्लिएको छ । शब्दकोशका लागि प्रयुक्त अङ्ग्रेजीको 'डिक्सनरी' र लेक्सिकन शब्द क्रमशः ग्रिक र ल्याटिन मूलबाट 'शब्दसङ्ग्रह' भन्ने मूल अर्थ लिई विकास भएको देखिएबाट अङ्ग्रेजीमा पनि व्यापक र सीमित अर्थमा यसको प्रयोग रहेको स्पष्ट हुन्छ (भण्डारी र अन्य, २०६८ : ४८) ।

'शब्दको कोश (शब्द+कोश) = शब्दकोश' यो व्युत्पत्तिका सन्दर्भमा शब्दकोश भन्नाले शब्दहरूको सङ्ग्रह भन्ने बुझिन्छ । तर शब्दकोशमा शब्द मात्र सङ्कलन गरिएको हुँदैन किनभने परम्परागत रूपमा शब्द भन्नाले न्यूनतम अर्थयुक्त मुक्त रूप हो र यस्ता शब्दको सङ्ग्रहमा मात्र सीमित रहेर आधुनिक प्रचलनका शब्दकोशको विधान हुँदैन ( लम्साल, २०५७ : १५) । कोश शब्दको जस्तै शब्दकोश शब्दको पनि सामान्य र विशिष्ट अर्थ रहेको छ । जसअन्तर्गत सामान्य अर्थमा शब्दकोश भन्नाले शब्दहरूको सङ्ग्रह वा सङ्कलनलाई बुझाउँछ भने विशिष्ट अर्थमा शब्दादि भाषिक एकाइहरूको सुव्यवस्थित र वैज्ञानिक विन्यासलाई बुझाउँछ ।

शब्दकोश निर्माण ज्यादै खर्चिलो, लामो समय र निरन्तरको प्रयास एवम् परिश्रमबाट मात्र सिद्ध हुने विषय मानिन्छ । यो भाषासम्बन्धी एक किसिमको प्रयोगात्मक गतिविधि हो । प्रयोक्ता र प्रयोजनको विविधताअनुसार शब्दकोशको स्वरूप र निर्माणमा पनि प्रशस्त विभिन्नता देखिन्छ । शब्दकोशका लागि शब्दहरूको सङ्कलन, तिनको अर्थ एवम् प्रयोगसम्बन्धी सूचनाहरूका लागि अहिले कम्प्युटर प्रविधिको उपयोग हुन थालिसकेको छ । यसले कोश निर्माणको कार्यलाई अझ व्यवस्थित र सुगम बनाउन मद्दत गर्छ । यान्त्रिक अनुवादको विकासले पनि कम्प्युटरमा आधारित शब्दकोशको माग बढिरहेको छ (अधिकारी, २०६७ : १८५) । सबै प्रकारका कोश निर्माण एवम् सम्पादनहरूमा कम्प्युटरको प्रयोग अझै सर्वसुगम हुन सकेको छैन ।

### २.२.३ शब्दकोशको स्वरूप

कोशको स्वरूप भनेको त्यसको समग्र बाह्य र आन्तरिक आकार अथवा बनोट हो । कोश कस्तो हुन्छ वा कसरी बनेको हुन्छ भन्ने कुरालाई कोशको स्वरूपले दर्साएको हुन्छ । कोशीय विशेषताहरूको संयोजन गरी शब्दकोशलाई निर्देशन, सूचना र प्रयोजनका दृष्टिले

उपयोगी बनाएर त्यसमार्फत उपभोक्तालाई सहज किसिमले सामग्री उपलब्ध गराउने कार्य गरिन्छ । उपयोक्ताका लागि कोशीय सूचना सम्बन्धी स्पष्ट र सुनिश्चित सन्दर्भग्रन्ध नै शब्दकोश हुने भएकाले यसलाई सङ्क्षिप्त र स्पष्ट बनाउन विभिन्न समुचित सामग्रीहरूको आवश्यकता पर्दछ (भण्डारी र अन्य, २०६८; ६६) । त्यसैले कोश कस्तो हुन्छ भन्ने कुराहरू माथि विचरण गर्दा कोशको स्वरूपलाई मूलतः तिन भागमा विभाजन गर्न सकिन्छः पूर्वभाग मूलभाग र उत्तरभाग ।

### २.२.३.१ **पूर्व भाग**

शब्दकोशको सबैभन्दा अगाडि रहेको भागलाई पूर्व भाग भनिन्छ । यसलाई भूमिका खण्ड पनि भन्न सकिन्छ । यो प्रयोगका दृष्टिले मूलभागलाई सजिलैसँग उपयोगमा ल्याउन आवश्यक पर्ने पूर्वाध सामग्री हो । यस भागअन्तर्गत कोशको नाम, प्रकाशनसम्बन्धी सूचनाका साथै कृतज्ञताज्ञापन, प्राक्कथन वा भूमिका जस्ता औपचारिक कुराहरू पर्दछन् ।

शब्दकोशका प्रयोक्ताहरूले यसका सबै पाना कथा वा उपन्यास पढेजस्तै एकेचोटि पढ्दैनन् । उनीहरू आफ्ना लागि आवश्यक सूचना लिन यसको प्रयोगमा उत्सुक हुन्छन् । एक पटकमा सबै सूचना उनीहरूका लागि आवश्यक पनि हुँदैनन् । तसर्थ सम्बन्धित प्रयोक्ताहरूलाई तत्काल आवश्यक पर्ने सूचनाहरू सुगम रूपमा प्राप्त हुने बनाउनु कोशका सम्पादनहरूको कर्तव्य हुन्छ । उक्त सूचनाहरू उपयुक्त सङ्केत चिह्नहरूको उपयोगका साथ व्यवस्थित ढङ्गले प्रस्तुत गरिएको हुनुपर्छ । प्रस्तुति स्पष्ट र सही किसिमको हुनुका साथै स्वयम्मा अँगालिएको सिद्धान्त तथा प्रक्रियाबारे सम्पादकको तर्फबाट प्रस्तुत गर्नुपर्ने जानकारी पनि पूर्व भागमा उपलब्ध हुनुपर्छ । साथै कोशभित्र दिइएका शब्दसम्बन्धी सूचनाहरूलाई सम्बन्धित पाठक वा प्रयोक्ताले प्राप्त गर्ने तथा उपयोग गर्ने उपयुक्त तरिकाबारे उदाहरणसहित निर्देशन पनि समावेश गरिएको हुन्छ ।

### २.२.३.२ **मध्य भाग**

यो कोशको सबैभन्दा महत्त्वपूर्ण केन्द्रिय भाग हो । अर्थात् यसलाई कोशको मुटु पनि भनिन्छ । मूलभागका सापेक्षतामा पूर्वभाग र उत्तरभाग बनेको हुन्छन् । तसर्थ मुटुको तात्पर्य कोशमा यो भाग नै साध्य हो र त्यसैका लागि सम्पूर्ण योजना, नियम, सामग्री सङ्कलन,

सम्पादन, श्रम व्यय आदि साधन जुटेका हुन भनी सङ्केत गर्नु हो । यसलाई नाभिकीय भाग पनि भन्न सकिन्छ ।

कोशीय एकाइमा आधारित प्रविष्टिहरू मूलभागमा पर्ने भएकाले कसै- कसैले यसलाई कोशको जीवन  नै भनि दिएका छन् । अतः यसलाई कोशीय स्वरूपको सार वा कोश सार पनि भन्न सकिन्छ (भण्डारी र अन्य २०६८ : ६८) । यसअन्तर्गत शीर्ष शब्द वा मूल प्रविष्टि, हिज्जे, उच्चारण, व्याकरण निर्देशन, व्युत्पत्ति र स्रोत निर्देश अर्थ र अर्थ विधान गौण उपप्रविष्टि, व्युत्पादन सर्ग, पर्याय, विपर्याय, उखान टुक्का, प्रयोग उदाहरण र चित्राङ्कन आदि सूचना तथा प्रयोग आवश्यक विवरण संक्षिप्त र छरितो रूपमा प्रस्तुत गरिएको हुन्छ ।

#### २.२.३.३ उत्तर भाग

कोशको पूर्व भाग र मूल भागमा राख्न नमिल्ने वा राख्न नसकिएका कुराहरूलाई कोशको उत्तर भागमा राख्न सकिन्छ । शब्दकोशको मुख्य भागको पश्चवर्ती भएर रहने अंश उत्तर भाग हो । यो शब्दकोशको परिशिष्ट खण्ड हो । यसमा पूरकका रूपमा दिनु पर्ने थप सूचनाहरू प्रस्तुत गरिन्छन् । त्यसैले यो पनि शब्दकोशको मध्य वा मुख्य भागका सापेक्षताको बाह्य भाग हो । यसमा मध्यभागमा दिन असजिलो परेका वा उपयुक्त नदेखिएका रहलपहल रहेका थप सूचनाहरू समावेश गरिन्छ । यस किसिमका सुचनाहरूमा व्युत्पादन प्रत्ययहरू, नव प्राविधिक शब्दहरू, स्थान विशेष जनाउने नामहरू, विशिष्ट व्यक्तिका नामहरू, नापतौल, राशि, नक्षत्र, थरगोत्र आदि सम्बन्धी सूचनाहरू समाविष्ट हुन्छन् । कतिपय कोशमा यस्तो खण्ड समावेश सूचनाहरू समाविष्ट हुन्छन् । कतिपय कोशमा यस्तो खण्ड समावेश गर्नु आवश्यक ठानिदैन् तसर्थ कोशको उत्तर भाग प्रायः ऐच्छिक बनेको हुन्छ (अधिकारी, २०६७ : २१०) ।

### २.२.४ कोश सम्पादन प्रक्रिया

शब्दकोश निर्माणको क्रममा सुरुदेखि अन्त्यसम्म गरिने सम्पूर्ण क्रियाकलापहरूलाई शब्दकोश सम्पादन प्रक्रिया भनिन्छ । अथवा कुनै पनि भाषाको कोश सम्पादन गर्दा सुरुदेखि अन्त्यसम्ममा गरिने सबै कुराहरूलाई नै शब्दकोश सम्पादन प्रक्रिया भनिन्छ । कोश

सम्पादन गर्ने काम निकै कठिन दुरुह कार्य हो । यसका लागि व्यक्तिगत र संस्थागत रूपमा निरन्तर लागि रहनु पर्दछ ।

कोश सम्पादनलाई कोश विधान पनि भन्न सकिन्छ । यो मौरीको कार्यसँग मिल्दोजुल्दो अनुष्ठान हो । जसरी मौरीले रनबन बारी-बगैँचा चाहर्दै विविध किसिमका रसहरू चुनीचुनी बटुलेर घार कोशमा महको कूट बनाउँदछन् त्यसरी नै कोशकारले पनि सम्बन्धित वाङ्मयका प्रत्येक फाँटबाट अपेक्षित सामग्री जम्मा गरी सम्बन्धित कोशमा वाञ्छित प्रविष्टिको विधान गर्दछन् । यति मात्र होइन, जसरी मौरीद्वारा अतीव कठिनताका साथ सङ्कलित र सम्पादित मह उपभोक्ताका परिप्रेक्ष्यमा अतीव हृद्य र सहज आस्वाद्य हुन्छ लम्साल, २०५७; ९५) ।

कोश निर्माणका लागि निरन्तर गति, अनन्त यात्रा, अथक परिश्रम पर्याप्त साधन स्रोतहरू अपरिहार्य हुन्छन् । त्यस्तै यरी शब्दकोशका सम्बन्धमा जासेफ जसट्रिस इस्केलेन्जरले "कुनै अपराधीलाई ठुलै सजाय दिनुपर्ने भएका फाँसी दिने वा जवर्जस्ती काम गर्नेपर्ने सजाय नदिई उसलाई कोशनिर्माण गर्न लगाउनुपर्छ । कोशनिर्माण कार्यमा यी सबै सजाय समाविष्ट हुन्छन्" भनेका छन् भने पारसमणि प्रधानले 'सरस्वती र लक्ष्मीको वाससित हनुमान जाँगर हुनेले मात्र कोश सङ्ग्रह गर्ने रहर गर्नुपर्ने रहेछ ।' भन्ने भनाइबाट यसको जटिलता पुष्टि हुन्छ (लुइटेल, २०२९) । यसको आशय कोश निर्माण गर्न सकिँदैन भन्ने चाहिँ होइन, ठूलो मिहिनत, परिश्रम र साधनाको आवश्यकता पर्छ भन्ने हो । शब्दकोशको सुरुदेखि अन्तिमसम्मको सम्पूर्ण प्रक्रियालाई तिन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । उक्त तिन चरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ ;

### २.२.४.१ पहिलो चरण

पहिलो चरणलाई आयोजनाको चरण मानिन्छ । यसमा कोश निर्माण सम्पादनका लागि आवश्यक पर्ने योजना सामग्री सङ्कलन प्रविष्टिचयन जस्ता कार्य गरिन्छ । यस चरणका प्रमुख पक्षहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ ;

(क) **वर्णमा योजना**

कोश निर्माण गर्दा आवश्यक पर्ने पूर्वतयारीका कुराहरू कोश निर्माण योजनाअन्तर्गत पर्दछन् । निर्माण गर्न लागेको कोशको प्रकृति प्रयोजन, महत्त्व, सामग्री सङ्कलन विधि

प्रविष्टिहरूको छनोट, कोशमा समावेश गरिने सूचनाहरूको निर्धारण आदिका बारेमा प्रस्तावमा प्रस्तुत गर्नुलाई कोश निर्माण योजना भनिन्छ । कुनै पनि कार्य सुरु गर्नुपूर्व सो कार्य किन गर्नु आवश्यक छ, कसरी सम्पन्न गर्न सकिन्छ, के कति समय, श्रम र भार लाग्न सक्छ आदिको लेखाजोखाको धारणात्मक पूर्वतयारी हुनु जरुरी हुन्छ । कोश निर्माणको योजनाले यिनै कुरालाई सङ्केत गर्दछ (अधिकारी, २०६७; २०२) । कोश निर्माण योजनाले कोश सम्पादनका लागि मार्ग निर्देशन पनि गर्दछ ।

जुनसुकै कार्य सम्पन्न गर्न पनि योजना बनाउनु आवश्यक हुन्छ । कोश जस्तो जटिल र झन्झटिलो कार्य गर्दा योजना बनाउनु अपरिहार्य हुन्छ । कोश निर्माण कार्यको योजना बनाउँदा कुन प्रकृतिको कोश हो सोका बारेमा स्पष्ट धारणा हुनु पर्छ । सामान्यतः कोशीय योजना कालमा यी विषयहरूसँग संबद्ध पक्षहरूमा आवश्यक निर्देशन सुस्पष्ट सुविचारित गर्न जरुरी पर्छ । ती निम्नानुसार छन् :

अ) कोशको प्रयोजन प्रयोक्ता र क्षेत्र
आ) सामग्री सङ्कलन
इ) शब्दसूची
ई) प्रविष्टिको निर्देशन
उ) अर्थविधान विधि र क्रम
ऊ) व्याकरण निर्देशन
ए) उच्चारण र हिज्जे
ऐ) उदाहरण
ओ) चित्राङ्कन
औ) विवृति र बीजकको प्रयोग
अं) उखान टुक्कासम्बन्धी प्रयोग
अः) व्युत्पादक सर्गको संयोजन
आ) व्युत्पत्तिविधान (लम्साल, २०५८, ९७)

### (ख) सामग्री सङ्कलन

कोश निर्माण कार्यका लागि योजना तर्जुमा गरेपछिको महत्त्वपूर्ण र प्रारम्भिक कार्य नै सामग्री सङ्कलन हो । यो अनिवार्य र प्राथमिक कार्य पनि हो । कोशको स्वरूप र प्रकृतिअनुसार सामग्री सङ्कलनमा भिन्नता र विविधता पाइने हुनाले कोशको स्वरूपमा नै सामग्री सङ्कलन कार्य निर्भर रहेको हुन्छ । सामग्री सङकलन गर्ने कुरामा प्रष्ट भएर सङ्कलन गर्नुपर्दछ । यस दृष्टिले विचार गर्दा सामग्री सङ्कलन मुख्यतः भाषाको अवस्था हेरी लिखित र मौखिक स्रोतमा आधारित हुन्छ ।

(अ) **लिखित स्रोतबाट सामग्री सङ्कलन**

लिखित स्रोतबाट सामग्री सङ्कलन गरी शब्दकोश निर्माण गर्दा शब्दकोशको प्रकार र प्रयोजनले नै प्रभाव पारेको हुन्छ । लिखित स्रोतबाट सामग्री सङ्कलन गर्दा सङ्कलन कर्ताले शब्दको अनुक्रमणिका बनाएर टिपोट गर्नुपर्दछ । उपयुक्त आकारको कागजमा शब्दको प्रकृति र त्यसको अर्थ (प्रयोग र सन्दर्भ समेत) त्यससँग सम्बन्धित उद्धरण, स्रोत सामग्रीको स्पष्ट जानकारी, वर्णानुक्रम आदिको व्यवस्था गरिनु पर्छ र मात्रै कोशमा शब्दको प्रविष्टि गराउन सजिलो पर्दछ (भण्डारी र अन्य २०६८; ६४) । शब्दकोशको प्रकृतिअनुसार सामग्री सङ्कलनमा विविधता सिर्जना हुन्छ ।

लिखित सामग्रीबाट शब्द सङकलन गर्दा लिखित वाङ्मयका सबै किसिमका ग्रन्थ, कृति, पुस्तक, पत्र पत्रिका, समाचार पत्र, पर्चा आदिलाई कम्प्युटरमा प्रवेश गराई त्यसैका माध्यमबाट शब्दहरू सङ्कलन तथा छनोट गर्ने प्रविधिको पनि विकास भएको छ ।

(आ) **मौखिक स्रोतबाट सामग्री सङकलन**

मौखिक रूपमा मात्र प्रचलित भाषाबाट सामग्री सङ्कलन गर्ने कार्यलाई मौखिक स्रोतबाट सामग्री सङ्कलन भनिन्छ । यसमा सूचनाहरूको माध्यमद्वारा शब्दहरूको सङ्कलन गरिन्छ । सूचनाहरू सम्बन्धित भाषाबाट शब्दहरूलाई उपयुक्त ढङ्गले अधिकाधिक रूपमा सङ्कलन गर्नु हो । सम्बन्धित भाषाभाषीहरूसँग धुलमिल गर्न सक्ने उनीहरूबाट विभिन्न सन्दर्भ र परिवेशमा प्रयुक्त हुने अभिव्यक्ति प्रकट गर्न लगाई तत्सम्बन्धी शब्दहरू सङ्कलनमा तत्परता देखाउने फुर्तिला खालका सूचकहरू आवश्यक हुन्छन् । यिनीहरूमा विभिन्न उमेर, लिङ्ग, आर्थिक, सामाजिक वर्गका व्यक्तिहरूको यथाशक्य प्रतिनिधित्व हुनु आवश्यक हुन्छ । सूचकहरू इमान्दार, विश्वसनीय तथा सांस्कृतिक परिवेश बुझेको, स्मरण शक्ति, वृद्धि र चेतना स्तरका दृष्टिले पनि आकर्षक हुनु बेस मानिन्छ (अधिकारी, २०६७; २०६) । सूचनाको सङ्ख्या सम्बन्धित भाषाका भाषिकाको क्षेत्रको विविधताअनुसार फरक हुन सक्छ । यसमा सामग्री सङ्कलन गर्दा मूलतः क्षेत्रीय पद्धतिको उपयोग गरिन्छ ।

(ग) **प्रविष्टि चयन**

प्रविष्टि चयन भनेको निर्माण वा सम्पन्न गर्न थालिएको कोशका लागि शब्दहरूको छनोट हो । यस्ता शब्दहरू अर्थगत एकत्व वा समुच्ययका दुष्टिले दुईभन्दा बढी शब्दमा

पनि रहन सक्छन्, भाषिक दृष्टिले दुईभन्दा बढी शब्दमा पनि रहन सक्छन् भाषिक दृष्टिले मुक्त वा बद्ध रूपमा पनि हुन सक्छन् । त्यसैले मुख्य प्रविष्टियुक्त शब्दलाई कोशीय शब्द वा कोशिम पनि भनिन्छ (पौडेल, २०६९; ९३) । कोशको मूल भागमा समावेश गरिने शीर्ष शब्दहरू नै यसका मुख्य प्रविष्टि हुन् । प्रविष्टिको चयनले कोश सम्पादन प्रक्रियामा स्तरीयता, उपयुक्तता, एकरूपता, स्पष्टता, सुगमता र वैज्ञानिकता कायम गर्नका लागि प्रविष्टि चयनको महत्त्वपूर्ण भूमिका हुन्छ । यसरी शब्दको प्रयोग पक्षमा कुन शब्दले कति महत्त्व पाउने र सो शब्दको स्थान निर्धारण गर्नु नै प्रविष्टि चयन हो ।

(अ) **प्रचलित शब्द**

कोशीय प्रविष्टि चयनमा कोशको प्रकार र प्रयोजनअनुरूप सम्बन्धित क्षेत्रमा अत्यधिक प्रचलनमा आएका शब्दहरूले प्राथमिकता पाउँछन् । अभिव्यक्तिमा सक्रियताका साथ बारम्बार आवृत्ति भएर आउने र ग्रहणका लागि पनि उत्तिकै आवृत्ति हुने शब्दहरू अथवा व्यवहारमा बढी आउने शब्दहरू पहिलो छनोटमा पर्दछन् (पौडेल, २०६९; ९४) ।

(आ) **अप्रचलित शब्द**

भाषामा समय र परिस्थितिअनुरूप नयाँ नयाँ शब्दहरू जन्मिरहन्छन् र प्रयोग प्रचलनमा आउँछन् । यसै गरी कतिपय लुप्त प्राय : शब्दहरू पनि छन् जसको प्रचलन क्रमशः विलीयमान अवस्थामा छ । यिनमा पहिलो किसिमको शब्दलाई अवसित वा आर्ष शब्द र दोस्रो किसिमको शब्दलाई अवप्रचलित शब्द भन्न सकिन्छ ।

(इ) **पारिभाषिक प्राविधिक शब्द**

विज्ञान, कला, शिल्प, प्रविधि तथा बहुप्रविधि आदि क्षेत्रसँग सम्बन्धित विशेष अर्थ भएका शब्द नै प्राविधिक शब्द हुन् । सबै प्राविधिक शब्दहरू साधारण कोशमा समावेश गर्नु उपयुक्त हुँदैन । विशिष्टताको मात्रा अधिक भएका शब्दहरू विशिष्ट कोशमै अपेक्षित हुन्छन् । सर्व सामान्यताको मात्रा अधिक भएका शब्दहरू सामान्य कोशमा अपेक्षित हुन्छन् ।

(ई) **रिक्त शब्द**

भाषामा केही शब्दहरू स्वतन्त्र रूपमा प्रयुक्त हुँदैनन् तर कतिपय स्थितिमा अन्य शब्दको अंश भएर अर्थवान् जस्ता देखिने हुन्छन् । तसर्थ यस्ता शब्दहरूको सूचना कोशमा

समावेश गर्दा शब्दको अर्थ बुझ्न मद्दत मिल्न सक्छ तर स्वयम्मा यी अर्थवान नहुनाले कोशको प्रयोजनलाई ध्यान दिएर यस कुरामा विचार गर्नु उचित हुन्छ । उदाहरणार्थ :

शाला : पाठशाला, धर्मशाला, यज्ञशाला

परक: भावपर, आत्मपरक, वस्तुपरक, विचारपरक

(अधिकारी, २०६७ ; २१२)

(उ) **सम्बन्धपरक शब्द**

सम्बन्धपरक शब्दलाई प्रकार्यात्मक शब्द पनि भनिन्छ । भाषाका कतिपय शब्दहरू आफ्ना निजी कोशीय अर्थभन्दा पनि व्याकरणात्मक अर्थ वा संरचनापरक अर्थले युक्त हुन्छन् । यस्ता शब्दहरू कुनै व्याकरणात्मक कार्य गर्न वा शब्दगत सम्बन्ध जोड्नका निम्ति प्रयोग भएका हुन्छन् । त्यसैले यस्ता शब्दलाई प्रकार्यात्मक तथा सम्बन्धपरक शब्द भनिन्छ । सर्वनाम, विभक्ति, निपात, संयोजक, नामयोगी जस्ता शब्दहरू यसअन्तर्गत पर्छन् (पौडेल, २०६९; ९५) यी शब्दहरूलाई शब्दकोशमा प्रविष्टि दिने विषयमा सामान्य मत मतान्तर पाइए पनि यिनको सङ्ख्या सीमित हुने र प्रशस्त आवृत्ति भई धारणात्मक र व्याकरणात्मक प्रकार्यका लागि महत्त्वपूर्ण भूमिका भएकाले प्रविष्टिमै राख्ने गरी छनोट गर्नु उपयुक्त मानिन्छ ।

(ऊ) **प्रकार्यपरक शब्द**

भाषाको प्रयोगमा प्रशस्त आवृत्ति भइरहने शब्दहरू प्रकार्यात्मक प्रकृतिका हुन्छन् । भाषिक सम्प्रेषणका क्रममा यस्ता शब्दहरूले प्रकार्यात्मक भूमिका निभाएका हुन्छन् । धारणा र आवृत्ति यस्ता शब्दहरूको मुख्य प्रवृत्ति हो (भण्डारी र अन्य, २०६८; ७१) । यिनको अर्थको भनेको व्याकरणात्मक सम्बन्ध जनाउने खालको मात्र हुन्छ ।

(ऋ) **व्यक्तिवाचक शब्द**

कोशमा व्यक्तिवाचक शब्दको प्रवेश सम्बन्धमा मदभेद पाइन्छ । व्यक्तिगत नामबाट भाषिक व्यवस्थामा कुनै किसिमको विशेषता व्यक्त हुन नसक्ने हुनाले शब्दकोशमा यसको प्रविष्टि सामान्यत समीचीन प्रतीत हुदैन । यसैले कसैको नाम मात्र जनाउने व्यक्तिवाचक शब्दमा यस किसिमको विचार युत्ति संगत देखिन्छ । परन्तु लक्ष्य वा व्यङ्ग्य अर्थ लिएर

व्यापक क्षेत्रमा प्रयुक्त हुने वा सम्बन्धित भाषाभाषीको सामाजिक वा सांस्कृतिक विधि र परम्परा प्रकट गर्ने शब्दको भने कोशमा प्रविष्टि आवश्यक मानिन्छ (लम्साल, २०५७; १०७) जस्तैः जनक, भीमसेन, विष्णु, कुम्भकर्ण, सगरमाथा, भानुभक्त, गङ्गा आदि ।

(ए) **उखान टुक्का र उद्धरण**

उखान टुक्काले कुनै पनि भाषाको निजीपनलाई व्यक्त गर्दछ । यस्ता उखान टुक्का र उद्धरणलाई विशेष कोशमा बाहेक अन्य कोशमा बेग्लै प्रविष्टि नदिई गौण प्रविष्टिमा राखिएको हुन्छ । केही बहुप्रचलित उद्धरणहरू पनि कोशमा समाविष्ट हुनका लागि उपेक्षित हुन्छन् । त्यस्ता उद्धरण र सूक्तिहरूलाई कोशीय प्रविष्टि दिँदा उखान टुक्का सरहकै नियम लागु गरिन्छ (भण्डारी र अन्य, २०६८ : ७२) । प्रविष्टि चयन गर्दा उद्धरण तथा सूक्तिहरू पनि विचारणीय हुन्छन् ।

(ऐ) **सङ्क्षेप तथा पारिवर्णी शब्द**

धेरै चलन चल्तीका सङ्घ संस्था र कार्यहरूको नामलाई प्रयोग गरिन्छ भने कतिपय सन्दर्भमा सरलता र सङ्केतका लागि पनि यस्ता शब्द प्रयुक्त हुन्छन् । लामा पदावलीलाई पुनः पुन दोहोऱ्याइ रहने झन्झट र भद्दापनबाट जोगिन आधुनिक भाषामा यस्ता शब्दहरूको प्रचलन बढ्न थालेको पाइन्छ (अधिकारी, २०६७ : २१४) । जस्तै :पनिका, गाविस, त्रिवि प्रअ, प्रावि, नेप्रप्र, नासु आदि । शब्दकोशमा सामान्यतः यस्ता शब्दको प्रविष्टि मूल भागमा नगरी परिशिष्टमा दिने प्रचलन छ ।

(ओ) **समुच्चयात्मक अभिव्यक्ति**

यो दुई वा सोभन्दा बढी सम्मिलित भई एकीकृत अर्थ प्रकट गर्ने संरचना हो (लम्साल, २०५७; १०६) । जस्तै श्री ५ सरकार, सूचना तथा सञ्चार मन्त्रालय, शिक्षा शास्त्र सङ्काय, सामाजिक शास्त्र अध्ययन संस्थान, शिक्षा तथा संस्कृति मन्त्रालय आदि । कोशमा प्रविष्टि चयन गर्दा यस्ता अभिव्यक्तिलाई उखान टुक्का जस्ता कोशिमसरह नै व्यवहार गरिन्छ । शीर्ष प्रविष्टि बनाउने की नबनाउने भन्ने विषयमा भने कोशको प्रयोजन र प्रकारले निर्धारण गर्दछ ।

(औ) **निपात**

निपात स्वतन्त्र शब्द होइन तथापि भाषामा मिठास थप्न यस्ता शब्दहरू प्रयुक्त हुन्छन् । स्वतन्त्र अर्थ अनिश्चित हुने भएकाले यस्ता शब्दको कोशगत प्रविष्टिका सम्बन्धमा प्रश्न उठ्न सक्छ (लम्साल, २०५७ : १०७) । यसले विशेष अर्थसमेत व्यक्त गर्ने हुर्दा यसलाई पृथक प्रविष्टि दिनु पर्दछ ।

**२.२.४.२ दोस्रो चरण**

कोश सम्पादनको दोस्रो चरण प्रविष्टि विधानको चरण हो । यसमा कोशीय प्रविष्टि र त्यससम्बन्धी सूचना दिने काम गरिन्छ । यसलाई उद्देश्य खण्ड र विधेय खण्ड गरी दुई भागमा विभाजन गरिन्छ :

१. **उद्देश्य खण्ड**

शीर्ष शब्दसँग सम्बन्धित सूचनाहरूलाई यस खण्डमा दिइन्छ । जुन यसप्रकार छन् :

(क) **शीर्ष शब्द**

शब्दकोशको प्रविष्टिमा समावेश गरिएका कोशीय एकाइ नै शीर्ष शब्द हुन् (ढकाल, २०६५ : २०७) । यसैलाई मूल प्रविष्टि पनि भनिन्छ । शीर्ष शब्द चयन गर्दा सर्वप्रथम मूलरूप वा आधाररूपको निक्योल गरी त्यससँग सम्बन्धित समस्त रूपमा निकै सूक्ष्म दृष्टि पुचाउनुपर्छ । शीर्ष शब्दलाई कोशमा गाढा कालो अक्षरमा प्रायः वर्णानुक्रममा कोशमा प्रस्तुत गरिएको हुन्छ । जस्तै :

**अभिशाप**– ना. *[सं. ]* १. कुनियतपूर्वक गरिएको गाली, सराप, शाप २. दोष, आरोप ३. बात, कलङ्क ।

(ख) **हिज्जे**

शीर्ष शब्दको आधिकारिक वर्णविन्यास नै हिज्जे हो (लामिछाने, २०७० : ५५) । शीर्ष शब्दको वर्णविन्यास मौखिक भाषाको उच्चारण विन्यासअनुसार नभई लेख्य भाषाको मानक वर्णविन्यासअनुसार हुने गर्छ । मूल प्रविष्टिमा दिएको वर्णविन्यासलाई त्यस भाषाको शुद्ध र मानकरूप मानि प्रयोगमा ल्याइन्छ । माथिको उदाहरणमा आएको ‘अभिशाप’ शब्द नै हिज्जे हो ।

(ग) **उच्चारण**

कोशमा प्रविष्टि दिइएको शब्दको आधिकारिक वा मानक ध्वन्यातमक रूप नै उच्चारण हो (लामिछाने, २०७० : ५५) । यसले शब्दको उच्चारणमा एकरूपता कायम गर्न सहयोग गर्दछ । विशेष गरी पहिलो भाषी वक्ताहरूका लागि भन्दा दोस्रो भाषी वक्ताहरूका लागि उच्चारण बढी आवश्यक रहेको छ । सबै कोशमा उच्चारणसम्बन्धी सूचना समावेश गरिएको नपाइएता पनि मानक भाषाको उच्चारणको सुझबुझ विकासका लागि भने यसको आवश्यकता देखिन्छ । जस्तै :

**संसार–** /सन्सार **कक्षा–** /कक्छ्या

(घ) **व्याकरण निर्देश**

शब्दकोशमा प्रविष्टि दिइएका शब्दहरूले दिने व्याकरणात्मक अर्थसम्बन्धी सूचना लाई सङ्क्षेपमा सङ्केत गर्नु व्याकरण निर्देश हो (लामिछाने, २०७० : ५५) । यसको मुख्य उद्देश्य प्रविष्टिमा दिइएका शब्दहरूको व्याकरणिक ज्ञान दिलाउनु हो । उद्देश्य र विधेय दुबै खण्डमा यस्ता सूचनाहरू पाइन्छन् । व्याकरण निर्देशले एकातिर शीर्ष शब्दको स्वरूप पहिल्याउन मद्दत गर्दछ भने अर्कातिर विधेय खण्डमा उल्लेख हुने अर्थसम्बन्धी सूचना पहिचान गर्न मद्दत गर्दछ । यसले शब्दको व्याकरणात्मक कोटिगत सूचना तथा सकर्मक, अकर्मक, प्रेरणार्थक जस्ता क्रियाको रूपगत सूचना प्रदान गर्दछ । जस्तै :

छोरो – ना. (बहु/ति. छोरा, स्त्री : छोरी)

(ङ) **स्रोत निर्देश**

प्रविष्टिमा दिइएको शीर्ष शब्द कुन भाषाको हो र त्यसको मूलस्रोत कुन हो भन्ने कुरा कोशमा उल्लेख गर्नु नै स्रोत निर्देश हो (लुइटेल, २०५८ : ६४) । शब्दको मूलस्रोतसम्बन्धी ज्ञानका लागि यसको आवश्यकता पर्दछ । नेपाली भाषाको वर्णविन्यास कतिपय स्थितिमा शब्दको स्रोतमा आधारित रहेकाले स्रोत निर्देश सूचनाले नेपाली वर्णविन्यासको स्वरूपलाई पहिचान गर्न समेत मद्दत मिल्दछ । जस्तै :

**अक्षता** (सं.) **सहर** (फा. शहर) **पूर्वीय** (तत्स.)

**अच्छा** (हि) **अस्थिर** (सं.) **अयोग्य** (तत्स) **कच्चा** (आ) ।

(च) **व्युत्पत्ति**

व्युत्पत्ति भन्नाले रूप र अर्थका दृष्टिले कुनै शब्दको विकासक्रम निर्देश गर्नु हो (लम्साल, २०५७ : ११६) । शब्दहरूको माउ रूप पहिल्याउनका निम्ति शब्दकोशमा व्युत्पत्तिको प्रमुख भूमिका रहन्छ । कोशमा व्युत्पत्ति दिदा कुनै शाब्दिक एकाइको विकास, मूलस्रोत, मूलघटक, ध्वन्यात्मक तथा अर्थात्मक विकास र अन्य भाषाको सहरूपसँग तुलना अङ्कित गरिन्छ र सामान्य प्रविष्टिको अर्थभन्दा अगाडि कोष्ठकभित्र राखिन्छ । व्युत्पत्तिलाई ऐतिहासिक र समकालिन गरी दुई तरिकाबाट देखाउने चलन छ । जस्तै :

**मिठो** – */ ? मिष्ट /*           **सिङ्गो** – */< सिङ्गल /*     (ऐतिहासिक व्युत्पत्ति)

**अत्यधिक** – */अति + अधिक/* **घरेलु** – */घर + एलु/* {समकालिन व्युत्पत्ति (सर्गको विच्छेद)}

२. **विधेय खण्ड**

शीर्ष शब्दको अर्थ र अर्थ विधानसम्बन्धी विवरण तथा सूचनाहरू समेटिएका भाग नै विधेय खण्ड हो (लामिछाने, २०७० : ५५) । शीर्ष शब्दको आर्थी सूचना दिने भएकाले यसलाई कोशको नाभिकीय पक्षका रूपमा हेरिन्छ । कोशमा प्रविष्टि गरिएका प्रत्येक शब्दहरूको अर्थ निर्देश गर्न त्यस शब्दको प्रकृति र प्रयोगको स्थितिलाई ख्याल गर्नुपर्छ । यस खण्डमा प्रत्येक कोशीय एकाइको विभिन्न तरिकाले अर्थविधान गरिन्छ :

(क) **परिभाषीकरण**

कोशीय शब्दहरूको धारणा स्पष्ट पार्न शब्दको परिभाषा दिने युक्ति नै परिभाषीकरण हो (अधिकारी, २०६७ : २२३) । यसमा शब्दको वर्णन, व्याख्या र परिचय दिइन्छ । शब्दको परिभाषीकरण भनेको एउटा शब्दलाई अरू शब्दद्वारा अर्थ्याउन खोज्नु हो । शब्दको परिभाषीकरण गर्ने क्रममा अतिव्याप्ति दोष र परिभाष्य शब्दको चक्रियतासम्बन्धी दोषबाट जोगिएर सङ्क्षिप्त, निष्पक्ष र सान्दर्भिक ढङ्गले परिभाषा दिनुपर्छ । जस्तै :

**प्रवीण**– ना. */ सं. /*१ कुनै पनि कार्य सम्पन्न गर्नमा सिप भएको, सिपालु, निपुण, कुशल । २. वीणा बजाउन जान्ने ।

(ख) **पर्याय**

समान अर्थ बुझाउने शब्दलाई पर्याय भनिन्छ (ढकाल, २०६५ : २०९) । कोशमा शीर्ष शब्दको अर्थलाई स्पष्ट पार्न प्रर्याय शब्दहरूको पयोग गरिन्छ । यस्ता शब्दको अर्थ दिँदा परिचित शब्दबाट अपरिचित शब्दलाई बुझाउँनु पर्दछ। यसरी शब्दको पर्यायवाची अर्थ दिँदा शीर्ष शब्द जुन वर्गमा छ सोही वर्गअनुसार अर्थ दिनु उचित हुन्छ। जस्तै :

**चक्षु** – ना. *[सं. ]* आँखा, नेत्र, लोचन ।

(ग) **विपर्याय**

शीर्ष शब्दको उल्टो अर्थ दिने शब्दलाई विपर्याय भनिन्छ (लामिछाने, २०७० : ५६) । कतिपय सन्दर्भमा शब्द स्पष्ट पार्न परिभाषा र पर्याय शब्दहरूले मात्र नभई विपर्याय शब्दहरूको समेत प्रयोग गर्नुपर्छ। जस्तै :

**अँध्यारो** – ना. उज्यालो **सन्तुष्ट** – असन्तुष्ट

(घ) **उदाहरण**

कोशीय एकाइहरूको अर्थगत विशेषता व्यक्त गर्न शाब्दिक उदाहरणको रूपमा गरिने प्रासङ्गिक प्रयोगलाई उदाहरण भनिन्छ (लम्साल, २०५७ : १३२) । कोशमा रहेका सबै शीर्ष शब्दहरूको उदाहरण दिन नसकिने भएतापनि उखान टुक्काजस्ता शब्दहरूमा भने उदाहरणको महत्त्व अनिवार्य रहेको हुन्छ। यस्ता उदाहरण दिँदा आफैँले निर्माण गरेका भन्दा कुनै सङ्कथनमा व्यक्तिएका उदाहरणलाई समावेश गर्नु राम्रो मानिन्छ। जस्तै :

**अनारदाना** – ना.१ अनार फलभित्रको रसदार स्वादिलो गेडो। वि.२ अनारको दानाजस्तो । (उदा. अनारदाना दाँतका लहर खोलेर हाँसन (मुनामदन– लक्ष्मीप्रसाद देवकोटा) ।

(ङ) **चित्राङ्कन**

कोशीय एकाइको अर्थ स्पष्ट गर्ने चित्र, रेखाचित्र प्रस्तुत गर्नुलाई चित्राङ्कन भनिन्छ (ढकाल, २०६५ : २११) । दुलर्भ वनस्पति, पशुपन्छी, कुनै वस्तु, ठाँउ, उपकरण आदिको आकृति र प्रकृति बुझ्न चित्रको विशेष महत्त्व रहन्छ । तर कोशकारहरूले यस पद्दतिको प्रयोग भने त्यति गर्न सकेको भेटिदैन ।

(च) **विवृत्ति**

शीर्ष शब्दको अर्थलाई थप स्पष्ट पार्नका लागि शब्दको अर्थ दिइसकेपछि त्यसबारे दिइएको छोटो टिप्पणी वा व्याख्यालाई विवृत्ति भनिन्छ (अधिकारी, २०६७ : २२८) । विवृत्तिले शब्दको अर्थगत, व्याकरणात्मक र प्रयोग सन्दर्भगत आदि विशेषतालाई औँल्याउने काम गर्दछ । यसलाई कोष्ठकमा जनाइन्छ । जस्तै :

**अस्त्र** – ना. *[ सं. ]* फ्याँकेर प्रहार गरिने हतियार, क्षेप्यास्त्र (भाला, वाण आदि) ।

**छोरो** – ना. ( बहु./ति. छोरा, स्त्री : छोरी ) ।

(छ) **बीजक**

कोशीय एकाइको कार्य विषय तथा स्तर र प्रयोग क्षेत्रलाई जनाउन प्रयोग गरिने कुनै शब्द वा पदावलीलाई बीजक भनिन्छ (लम्साल, २०५७ : १२४) । कोशमा यसको मुख्य प्रयोजन न्यूनतम स्थानमा अधिकतम सुचना दिनु हो । बीजकले शब्दको प्रकार्यपरक (व्याकरणिक अर्थ), विषयपरक (कानुन, साहित्य, कृषि, विज्ञान आदि) र स्तरपरक (शिष्ट, ग्राम्य, गाली, भाषिका, स्थानिय भेगका नाम आदि) शब्दको प्रयोग क्षेत्रलाई सङ्केत गर्ने काम गर्दछ । जस्तै :

**कोश**– ना. **लेख्नु** – स. क्रि. (व्याकरण)

**इजलास**– ना. *[ अ. ]* मुद्दामामिलाको काम गर्ने न्यायिक निकाय, अदालत, सभा बैठक (कानुन)

**घिच्नु** – खानु (गाली) **सुपो** – नाङ्लो (भाषिका)

(ज) **प्रतिनिर्देश**

कोशीय एकाइसँग अन्य शब्दको पारस्परिक सम्बन्ध देखाउनु नै प्रतिनिर्देश हो (लम्साल, २०५७ : १२९) । यसको अर्थगत समानता, असमानता र पूरकताका आधारमा कोशीय एकाइहरूको अन्तर्सम्बन्धलाई निर्देश गर्छ । यसले कोशीय सूचनाहरूलाई सङ्गठित र संक्षिप्त बनाउँछ । कोशकारले खास शब्दको अर्थ अर्को शब्दसँग मिल्ने कुरालाई हेर्नु व्यक्त निर्देश हो भने कोशकारले कुनै निर्देश शब्दको प्रयोग नगरी परिभाषा, पर्याय, विपर्याय,

समावेशात्मक जस्ता साधनबाट अन्तर्निहित रूपमा स्वतः प्रतिनिर्देश गर्ने गरिन्छ भने त्यसलाई अव्यक्त प्रतिनिर्देश भनिन्छ । जस्तै :

**अर्नी** – हे. खाजा (व्यक्त प्रतिनिर्देश)  **अँध्यारो** – विप. उज्यालो (अव्यक्त प्रतिनिर्देश)

### २.२.४.३ तेस्रो चरण

कोश सम्पादनको तेस्रो चरण रूपविधानको चरण हो । यो कोशको अन्तिम चरण भएकाले यसमा कोशमा सम्बद्ध सबै सामग्रीहरूलाई प्रयोक्ताको आवश्यकता र कोशको प्रयोजनअनुसार सहज किसिमले समावेश गरी तिनलाई क्रमबद्ध तरिकाले व्यवस्थित गरेर मुद्रण गर्ने काम गरिन्छ । यस चरणका आधारभूत पक्षहरूलाई यसरी चर्चा गर्न सकिन्छ :

१. **प्रविष्टि अनुक्रम**

कुनै निश्चित आधारअनुसार कोशीय एकाइको व्यवस्थित रखाइक्रम नै प्रविष्टि अनुक्रम हो (लामिछाने, २०७० : ५८) । यो हेर्दा सामान्य जस्तो लागेपनि कोशमा भूमिका भने महत्त्वपूर्ण रहेको हुन्छ । यसको आधारमा नै कोशले वैज्ञानिकता पाउने गर्दछ भने अन्य विषयको सापेक्षतामा कोशको वैशिष्ट्यता चिनाउने गर्दछ । प्रविष्टि अनुक्रमलाई तिन किसिमले हेर्न सकिन्छ :

(क) **वर्णानुक्रम**

शब्दहरूको वर्णानुक्रमलाई सम्बन्धित भाषाको वर्णमालाअनुसार पहिलो, दोस्रो आदि वर्णानुक्रमबाट उठेका शब्दहरूलाई क्रमिक रूपमा शब्दकोशमा स्थान दिइन्छ । यसमा चन्द्रविन्दु, शिरविन्दु, विसर्गलाई क्रमशः वर्णक्रमको सबैभन्दा अगाडि राखिन्छ भने क्ष, त्र, ज्ञ लाइ क्रमशः क, त, ज वर्णक्रममा राखिन्छ । शब्दकोशको आदि, मध्य र अन्त्य भागसम्म वर्णानुक्रमको स्थिति भङ्ग हुन दिनु हुँदैन ।

(ख) **विषयानुक्रम**

विषयानुक्रमलाई विचारपरक, आर्थी वा वर्गात्मक अनुक्रम पनि भनिन्छ । यसमा कुनै ठाउँमा वनस्पति कुनै ठाउँमा शारीरिक अवयव अनि कुनै ठाउँमा जनावर जनाउने शब्दहरू राखी विषयानुरूप वर्गीकरण गरिन्छ (लम्साल, २०५७ : १३६) । यस्ता कोशमा कुनै

एक विषयका पछि अर्को विषयका शब्दहरूलाई क्रमशः अनुक्रम गरिन्छ । **कुलचन्द्र गौतमको 'अमरकोश'** विषयानुक्रममा आधारित कोश हो ।

(ग) **विविध अनुक्रम**

यसमा वर्णानुक्रम र विषयानुक्रम बाहेकका अन्य सबै अनुक्रमलाई समावेश गरिएको हुन्छ । विचार, सुर, ताल, धातु, व्युत्पादन आदि जस्ता अनुक्रममा आधारित हुने कोश नै विविध अनुक्रम हो ।

२. **प्रविष्टि विन्यास**

कोशमा रहेका प्रत्येक कोशीय एकाइ र त्यससम्बन्धी विवरणको सङ्कलन गर्ने कार्यलाई नै प्रविष्टि विन्यास भनिन्छ (लम्साल, २०५७ : १३७) । यो दुई प्रकारको हुन्छ :

(क) **मूल प्रविष्टि**

कोशको बाँया भागमा रहेको गाढा अक्षरको प्रयोग गरी जनाइने शीर्ष शब्दलाई मूल प्रविष्टि भनिन्छ (लामिछाने, २०७० : ५९) । यसलाई कोशमा वर्णानुक्रमअनुसार समावेश गरिएको हुन्छ । जस्तै :

**अभिव्यक्त** – ना. *[ सं. ]* राम्ररी व्यक्त गरएिको, राम्रोसँग प्रकट गरिएको ।

**आदिम** – वि. *[ सं. ]* पहिलो, आदिकालीन, प्राचीन, पुरानो ।

(ख) **उपप्रविष्टि**

उपप्रविष्टि भन्नाले शीर्ष शब्दको गर्भ वा पेटबोलीमा रहेको भाग हो (लामिछाने, २०७० : ५९) । बारम्बार मूल प्रविष्टिको पुनरावृत्तिलाई रोक्न यसको प्रयोग गरिन्छ । उपप्रविष्टिले कोशमा न्यूनतम स्थानमा अधिकतम सूचना दिन र सूचनाको प्रस्तुतिमा सङ्क्षिप्तता ल्याउन सहयोग गर्दछ । यसलाई नीडन चिह्न ( ~ ) ले देखाइन्छ । जस्तै :

**आक्रमण** – ना. *[ सं. ]* बलपूर्वक सीमा उललङ्घन गरेर अर्काको राज्य वा भूभागमा गरिने हमला । ~ **कारी** – वि. आक्रमण गर्ने वा हमला गर्ने ।

### ३. नीडन

कोशमा शीर्ष शब्दको उपप्रविष्टिलाई जनाउन नीडन चिह्नको प्रयोग गरिन्छ । नीडन मूल प्रविष्टिको विस्तारको रूपमा आएको हुन्छ । यसले शीर्ष शब्दहरूको पुनरावृत्तिलाई रोक्ने काम गर्दछ । व्युत्पन्न शब्द, समास शब्द र उखान टुक्कालाई उपप्रविष्टिमा राख्दा नीडन ( ~ ) चिह्नको प्रयोग गरिन्छ । जस्तै :

**कष्ट**–ना. *[सं.]* कुनै अभाव वा न्यूनताका कारणले हुने नरमाइलो तथा दुःखको अनुभव, पीडा, सङ्कट । ~ **कर**– वि. कष्ट दिने, कष्ट पुऱ्याउने, कष्ट हुने । ~ **कल्पना** –ना. प्रयोगमा ल्याउन कठिन हुने कल्पना वा सोचाइ ।

### ४. संसक्त प्रविष्टि

अर्थ, उदाहरण, टिप्पणी आदि समावेश नगरिएको कोशीय प्रविष्टिमा रहने उपप्रविष्टि र नीडन समानको भाग नै संसक्त प्रविष्टि हो (लम्साल, २०५७ : १४३) । नेपाली भाषामा ता, नु, ने, न जस्ता प्रत्ययलाई जनाउन यसको प्रयोग गरिन्छ । जस्तै :

**सक्रिय**– वि. *[सं.]* लगनको काम गर्ने वा काममा दत्तचित्र भएको; क्रियात्मक रूपमा लागिरहने, गतिशील ~ **ता** ना. ।

### ५. चिह्न प्रयोग

चिह्नहरूको सही प्रयोगले कोशलाई व्यवस्थित बनाउने काम गर्दछ । कोश सम्पादन गर्दा सामान्यतः यस किसिमका चिह्नहरूको प्रयोगमा सतर्कता अपनाउनु पर्दछ :

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्णविराम | । | अल्पविराम | , | अर्धविराम | ; |
| प्रश्नवाचक | ? | योजक/निर्देशक | – | विस्मयादिबोधक | ! |
| नीडन | ~ | वाण | ← | विकल्प | / |
| सङ्क्षेपीकृत | . | समानान्तर | = | तारा | * |
| ठूलो कोष्ठक | *[]* | सानो कोष्ठक | *( )* | एकल उद्धरण | ‘ ’ |
| दोहोरो उद्धरण | “ ” | अगाडि देखाउने व्युत्पन्न | < | पछाडि देखाउने व्युत्पन्न | > |

## ६.	पूर्वोत्तर भागको संयोजन

यसमा कोशको पूर्व भागमा रहेका भूमिका, कृतज्ञताज्ञापन, परिचय, कोश निर्देशिका आदि पक्षलाई व्यवस्थापन गर्नुका साथै उत्तर भागको परिशिष्टमा रहेका पक्षहरूको समेत व्यवस्थापन गर्ने काम गरिन्छ । यो कार्यसँगै कोश सम्पादनको प्रक्रिया पनि समाप्त हुन्छ ।

कोश सम्पादन भन्नाले कुनै पनि वस्तुको सङ्ग्रह वा सङ्कलन भन्ने बुझिन्छ । विशिष्ट अर्थका सापेक्षतामा कोश बनाउने कार्यलाई नै कोश सम्पादन भनिन्छ । कोश सम्पादन प्रक्रियाका आधारभूत पक्षहरूलाई मोटामोटी तिन चरणमा विभाजन गरिएको छ । पहिलो चरणअन्तर्गत कोश निर्माण योजना, सामग्री सङ्कलन र प्रविष्टि चयनका कुराहरू पर्दछन् । यस चरणलाई कोश सम्पादन प्रक्रियाको आयोजनाको चरण पनि भनिन्छ । त्यस्तै दास्रो चरणअन्तर्गत उद्देश्य खण्डमा शीर्ष शब्द, हिज्जे, उच्चारण, व्याकरण निर्देश, स्रोत निर्देश, व्युत्पत्ति पर्दछन् भने विधेय खण्डमा शीर्ष शब्दको परिभाषा, पर्याय, विपर्याय, उदाहरण, चित्राङ्कन, विवृत्ति, बीजक, प्रतिनिर्देश पर्दछन् । कोश सम्पादनको दोस्रो चरणलाई प्रविष्टि विधानको चरण भनिन्छ । कोश सम्पादनको अन्तिम चरणलाई रूपविधानको चरण भनिन्छ । यस चरणअन्तर्गत अनुक्रम, प्रविष्टि विन्यास, नीडन, संसक्त प्रविष्टि, चिह्न प्रयोग र पूर्वोत्तर भागको संयोजन जस्ता पक्षहरू पर्दछन् ।

# अध्याय तीन

# शोध विधि र प्रक्रिया

## ३.१ शोध विधि

हरेक कार्यका आ-आफ्नै किसिमका विधि र तरिका हुन्छन् । शोधकार्य लेखन गर्दा अपनाइने तरिकालाई शोधविधि भनिन्छ । प्रस्तुत अध्ययन सैद्धान्तिक प्रकृतिको भएकाले निर्धारित लक्ष्य र उद्देश्य प्राप्तिका लागि मूल रूपमा पुस्तकालय विधिको प्रयोग गरिएको छ । पुस्तकालय विधिबाट सङ्कलित सामग्रीलाई व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी निष्कर्षमा पुगिएको छ ।

यस अध्ययनमा निम्नानुसार दुई किसिमका सामग्रीहरूको प्रयोग गरिएको छ :

### ३.१.१ प्राथमिक सामग्री

प्रस्तुत 'कक्षा छको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण' शीर्षकको शोधमा जनक शिक्षा सामग्री केन्द्र, सानोठिमी, भक्तपुरद्वारा प्रकाशित कक्षा छ (२०७४) को नेपाली पाठ्यपुस्तक रहेको छ । प्रस्तुत शोधपत्रमा शोधनिर्देशकको सल्लाह, सुझावलाई पनि प्राथमिक स्रोतको रूपमा उपयोग गरिएको छ ।

### ३.१.२ द्वितीय सामग्री

अन्य अनुसन्धानकर्ताले सङ्कलन गरेका वा अनुसन्धानको क्रममा अनुसन्धाताले सङ्कलन गरेका सामग्री द्वितीय स्रोतबाट प्राप्त सामग्री हुन् (भण्डारी, ओझा र अर्याल, २०६९ : ५९) । यसै क्रममा प्रस्तुत शोधकार्यमा द्वितीय स्रोतका सामग्रीको रूपमा सम्बन्धित नेपाली भाषाका शब्दकोशहरू कोश सम्बन्धमा गरिएका शोध अनुसन्धानहरू, शोधपत्रहरू, विभिन्न प्रकाशनबाट प्रकाशित सन्दर्भ पुस्तकहरू उपयोग गरिएको छ । साथै कोश सम्बन्धी चर्चा गरिएका सैद्धान्तिक पाठ्यपुस्तक, पत्रपत्रिका लेखरचना विभिन्न विद्वान् तथा सहपाठीहरूबाट प्राप्त राय सल्लाह, सुझाव उपयोग गरिएको छ । विद्यार्थीहरूको शब्दसम्बन्धी केकस्तो ज्ञान छ भनेर तीनवटा विद्यालयमा ३० जना विद्यार्थीहरूको परीक्षा लिई प्राप्त प्राप्ताङ्कलाई औसतमा निकाली व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ३.१.३ सामग्रीको सङ्कलन र विश्लेषण

प्रस्तुत अध्ययनमा कक्षा छ (२०७४) को 'नेपाली किताब' पाठ्यपुस्तकमा प्रयोग भएका प्रत्येक पाठको अन्त्यका गाढा अक्षर र अन्य शब्द पनि राखिएका ३५० वटा शब्दहरूलाई मात्र लिइएको छ । ती लिइएका शब्दहरूमध्ये पनि 'नेपाली बृहत् शब्दकोश' मा उच्चारण, स्रोत, व्युत्पत्ति र पदवर्ग दिइएका शब्हरूलाई मात्र दिइएको छ भने शब्दहरूको अर्थ कक्षा छको नेपाली किताबबाट नै दिई शब्दहरूलाई परम्परागत वर्णमालाको वर्णानुक्रमअनुसार राखिएको छ ।

यस अध्ययनमा सामग्रीको विश्लेषण गर्ने क्रममा वर्गीकृत शब्दहरूलाई विभिन्न आधारमा विश्लेषण गरिएको छ । जसअन्तर्गत पाठ्यपुस्तकको पाठको अन्त्यमा दिइएका गाढा अक्षरका शब्द र अन्य शब्दहरूलाई पनि लिई प्रत्येक शब्दको उच्चारण, स्रोत, व्युत्पत्ति, पदवर्ग र अर्थका साथै उदाहरण आदिका आधारमा विश्लेषण गरिएको छ । शब्दहरूको विश्लेषण गर्दा 'नेपाली बृहत् शब्दकोश' अनुसार छुट्याई विश्लेषण गरिएको छ साथै शब्दहरूको सामान्य अर्थ तथा सन्दर्भपरक अर्थ दिइएको छ । शब्दको अर्थ एकभन्दा बढी भएकालाई १, २, ३, ४ गरी सङ्केत गरी राखिएको छ । उक्त शब्द तहगत र स्तरगत दृष्टिले उपयुक्त भए नभएको समेत औंलाइएको छ ।

**निष्कर्ष**

शोधअन्तर्गत दुई किसिमका सामग्रीहरू प्रयोगमा ल्याएको छ । प्राथमिक सामग्रीअन्तर्गत कक्षा छको नेपाली पाठ्यपुस्तक र शोधनिर्देशकको सल्लाहलाई लिइएको छ भने द्वितीय सामग्रीमा नेपाली भाषाका शब्दकोशहरू शोध अनुसन्धान, शोधपत्र विभिन्न सन्दर्भ पुस्तकहरू, पत्रपत्रिका, लेख रचना, विद्वान्हरू र सहपाठीहरूबाट प्राप्त राय सल्लाह र विद्यार्थीहरूमा शब्द सम्बन्धी के कस्तो ज्ञान छ भनेर तीनवटा विद्यालयमा ३० जना विद्यार्थीहरूको परीक्षा लिई प्राप्त प्राप्ताङ्कलाई औसतमा निकाली व्याख्या तथा विश्लेषण गरिएको छ ।

## अध्याय चार

## शब्द सङ्कलन र नमुना कोश

### ४.१ परिचय

कुनै पनि भाषामा रहेका शब्दसम्बन्धी सूचनालाई प्रयोजनअनुसार व्यवस्थित गरी बनाइएको ग्रन्थलाई शब्दकोश भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा शब्दहरूको सङ्ग्रह भन्ने बुझिन्छ । शब्दकोशमा शब्दहरूको सूची शब्दसम्बन्धी विविध पक्ष उखानटुक्का जस्ता पदावलीका साथै शब्दहरूको उच्चारण स्रोत शब्दवर्ग व्युत्पत्ति अर्थ उदाहरण प्रयोग आदि पक्षहरू समावेश गरिएका हुन्छन् ।

प्रस्तुत शोधपत्र यी र यस्तै पक्ष र प्रसङ्गमा आधारित भएर निर्माण गरिएको छ । जसमा शब्दहरूको सङ्कलन गरी ती शब्दहरूलाई वर्णानुक्रममा राखी उक्त शब्दहरूको उच्चारण स्रोत पदवर्ग अर्थ र उदाहरण, स्रोत निर्देश व्याकरणात्मक कोटिसम्बन्धी जानकारी गराउने प्रयास गरिएको छ ।

प्रस्तुत शोध कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माणसँग सम्बन्धित भएकाले सो तह र कक्षाका विद्यार्थीहरूको समस्यालाई मध्यनजर गरी शब्दकोश निर्माण गरिएको छ । प्रस्तुत शब्दकोशमा शब्दहरूको उच्चारण स्रोत पदवर्ग अर्थ र उदाहरण दिएको छ ।

| | | | |
|---|---|---|---|
| (अ) | अकस्मात् | अज्ञात | अचानक |
| अपमान | अल्छी/अल्छे | अग्निक्षेत्र | अट्टहास |
| अनुयायी | अन्नपानी | अग्निकवच | अनुभव |
| असहिष्णु | अनुमति | अनुशासन | अवान्तर |
| अविस्मरणीय | अलप | अनुसन्धान | अर्ती |
| अनुकरणीय | अनुकूल | अतिवृष्टि | असन्तोषी |
| अमूल्य | अठोट | अन्यवृष्टि | (आ) |
| अंशबन्डा | अन्तरिक्षयान | अनावृष्टि | आचरण |

| | | | |
|---|---|---|---|
| आत्मनिर्भर | उपदेश | औपचारिक | खुन/सुन् |
| आश्रय | उपज | (क) | खुब |
| आयआर्जन | उपद्रो | कदर | खाद्य |
| आँच | उपयोगी | कृषिमल | (ग) |
| आविस्कार | उन्मुलन | कर्तव्य | गाथा |
| आदर्शवादी | उल्लास | कर्तुतपालन | गुणी |
| आत्मा | उत्थान | कल्याण | गहना |
| आकृति | उर्वर | काफल | गरिमा |
| आकाशवाणी | उर्वरा | कारखाना | गोठेमल |
| आजित | (ऋ) | कीटनाशक | गाजलु |
| आनन्द | ऋषि | कुपोषण | गाना |
| आवर्त | ऋण | कुलत | गुजारा |
| आक्षेप | ऋणदाता | कालान्तर | (घ) |
| (इ) | (ए) | कुँडो | घट्ट |
| इमानदार | एउटा | कीटाणु | घुर्रो |
| इतिहास | एक्लै | (क्ष) | घोषणा |
| इच्छा | (ऐ) | क्षमा | (च) |
| इस्त्री | ऐँसेलु | क्षति | चालबाजी |
| (ई) | (ओ) | (ख) | चुक्ली |
| ईश्वर | ओसिलो | खडेरी | चिनो |
| ईर्स्या | ओजन | खोँच | चिरस्मरणीय |
| (उ) | ओडार | खैँजडी | चतुर्दन्त |
| उजाड | (औ) | खरायो | (छ) |
| उज्ज्वल | औधी | खातिर | छावा |

(ज)
जलविहार
जनशक्ति
जमिनदार
जहान
जलाशय
जीवाणु
ज्यानमारा
जीवधारी
ज्योति
जाँगर
जन्म
जडीबुटी
जल
जङ्गल
(ज्ञ)
ज्ञानी
ज्ञान
(झ)
झन्डै
झल्कनु
झलक्क
झारपात
झगडा
(ट)
टिकाटिप्पणी
टुहुरा
(ठ)
ठेकी
ठाडे
(ड)
डाढे
(ढ)
ढोई
ढैँचा
ढुङ्गा
(त)
तेज
ताजा
तुच्छ
तापक्रम
तान्त्रिक
तराई
तत्व
तारिफ
तलाउ
(त्र)
त्रास
त्रिवेणी
(थ)
थाङ्का
(द)
दँतार
दशक
द्वेषी
देवस्थल
दृश्य
(ध)
धार्मिक
धूर्त
धृतराष्ट्र
धैर्य
धीत
ध्वनि
धर्ती
धर्मात्मा
(न)
निरस
नित्य
न्याय
नाइके
निडर
नेत्र
नाता
निर्धक्क
निर्माण
(प)
प्रहर
पूर्णिमा
प्राविधिक
प्रतिफल
प्रण
पुकार
पाडी
प्राङ्गारिक मल
प्रगति
प्रलोभन
परमात्मा
पासा
परोपकार
प्रारम्भिक
प्राकृतिक
प्रयोगशाला
प्रतिभा
परीक्षण
प्रदूषण

| | | | |
|---|---|---|---|
| पूर्वज | बगर | मारुनी | रोदी घर |
| पीडा | बेत | माइवेली | रसायन शास्त्र |
| परवाह | बेराजगारी | मानवता | रक्ताम्मे |
| प्रतिविम्ब | बेहुली | मध्याह्न | रथ |
| प्रगत | बन्धुत्व | मृत | राडीपाखी |
| पुरातात्विक | (भ) | मस्तिष्क | रिसानी |
| प्रायश्चित | भस्म | मौसम परिवर्तन | राष्ट्रभक्त |
| प्रविधि | भऱ्याङ | महापुरुष | रक्षा |
| परिश्रम | भाका | माध्यम | रहनसहन |
| प्रकृति | भाइचारा | माथ | (ल) |
| प्यारो | भासण | मित्रवत् | लगानी |
| प्रतीक | भावुक | मादलु | लगनशील |
| पात | भिक्षा | मुरली | लगभग |
| पिपल | भुमरी | (य) | (व) |
| पाण्डु | (म) | युक्ति | वृद्ध |
| (फ) | मत्ता | योगदान | व्याकुल |
| फन्कनु | मकुना | यश | वेशभूषा |
| फनफन | महत्त्व | यात्री | विभेद |
| फुत्रिलो | मनमोहक | योजना | विशेषत |
| (ब) | मोह | यातना | वाल्ल |
| बाधा | मोती | (र) | विषालु |
| बहुमूल्य | मतान | रवि | व्यावहारिक |
| बेला | मिहिनेती | रोमाञ्चक | विभेद |
| बाली | मिलनसार | रासायनिक मल | वचन |

विनयशील
विसर्जन
विश्वव्यापी
वायुमण्डल
विषवृक्ष
विभूति
वेभसाइट
विराट
वाहान
वादन
व्यक्तित्व
वातावरण
(श)
शिष्य
शीर्षक
शोभा
शासन
शोकमग्न
शत्रु
शङ्का
शैली
शिथिल
(ष)
षट्कोण
(स)
सार
स्नेह
सागर
समाजविहीन
सद्भाव
सामर्थ्य
सम्प्रदाय
सम्मिश्रण
स्वावलम्बीपन
सचेत
सजावट
समझदारी
समर्पण
सुपरिचित
स्वाध्ययन
साधक
सोत्तर
सनाई
सन्देश
सेवामूलक
सञ्जाल
सिकार
सुनसान
समयपालक
सत्यवादी
स्वार्थी
सहानुभूति
सच्चरित्र
स्नातक
सभा
सहायक
स्वच्छ
सन्त्रस
सन्तुष्ट
सर्वत्र
समर्थन
सिँढी
साहस
सिर्जनशीलता
सुस्केरा
साधन
सभ्य
सुसेली
(ह)
हुन्डरी
हिम्मत
हर्ष
हृष्टपुष्ट
हतकडी

## ४.२ नमुना शब्दकोश निर्माण

(अ)

अपमान – ना. [तत्स.] १. अभिमानपूर्वक भरिएको र कसैको इज्जत वा मानमर्यादालाई चोट पुऱ्याउने कुरो र तिरस्कार (उदा. घरमा सबैको अपमान सहेर बस्नुपर्छ ।)

अनुयायी – वि. [तत्स.] १. कसैको पछिपछि लाग्ने वा अनुसरण गर्ने ।

असहिष्णु – वि. [तत्स.] सहन गर्न नसक्ने असहनशील (उदा. हरि कस्तो असहिष्णु छ ।)

अविस्मरणीय – वि. [तत्स.] १. विर्सन नसकिने सम्झनै पर्ने (उदा. मेरो जीवनका धेरै अविस्मरणीय क्षण छन् ।)

अनुकरणीय – वि. [तत्स.] १. अनुकरण गर्न उचित, नक्कल वा देखासिकी गर्न याग्य (उदा. आजभोलिको समाज अनुकरणीय बनिसक्यो ।)

अमूल्य – वि [तत्स.] झमेल गर्न नसकिने । बहुमूल्य (उदा. नेपालमा पनि अमूल्य वस्तुहरू छन् ।)

अंशबन्डा – [तत्स.] बाबु बाजेको धनको बाँडफाँड, पुर्ख्यौली सम्पत्तिको भागवन्दा (उदा. आखिर दाजुभाइले अंशवन्डा गर्नैपर्छ ।)

अकस्मात् – क्रि.वि. [तत्स.] के कसरी भएको हो थाहा नपाई, अचानक एकाएक, अपर्झट (उदा. १. अकस्मात् के भयो थाहा नै पाइएन ।)

अल्छी / अल्छे – वि. [तत्स.] (अलसी) अल्सी । जाँगर मरुवा कामकारोवारमा निष्क्रिय बन्ने (उदा. राम पढ्न अल्छी गर्छ ।)

| | | |
|---|---|---|
| अन्नपानी | – | ना. [तत्स.] अनाज, धान, मकै, गहुँ, कोदो, खाद्यवस्तुका गेडा खाने पिउने वस्तु दानापानी (उदा. घरमा अन्नपानी छैन ।) |
| अनुमति | – | ना. [तत्स.] आदेश, आज्ञा, हुकुम मन्जुरी (उदा. शिक्षकहरूको अनुमति नलिई अनुसन्धान गर्न पाइँदैन ।) |
| अलप | – | ना. [तत्स.] (अलोप) लोप, गायव, बेपत्ता र लुप्त हुने क्रिया ( उदा. नेपालका सम्पदाहरू अलप हुँदै छन् ।) |
| अनुकूल | – | वि. [तत्स.] आफ्नो इच्छा, रुचि, चाहना वा आवश्यकता अनुरूपको, (उदा. समय अनुकूल मिले आउला ।) |
| अठोट | – | ना. [प्रा. अदवत् < स. अर्थवत्] १. पक्कासँग गरिएको, निधो वा निर्णय, ठहर (उदा. हजुरको अठोट वचनले म आएको छु ।) |
| अन्तरिक्षयान | – | ना. [तत्स.] पृथ्वीको वायुमण्डलभन्दा बाहिर मानवरहित वा मानव सहित भई यात्रा गर्ने रकेट आदि यात्रा साधन । |
| अज्ञात | – | वि. [तत्स.] १. नजानेको र नचिनेको अपरिचित (उदा. यो अज्ञात ठाउँमा कहाँ बस्ने होला ।) |
| अग्निक्षेत्र | – | ना. [तत्स.] वैदिक प्रक्रियाअनुसार अग्नि स्थानमा गरी नियमित रूपले विहान बेलुका होम गर्ने क्रिया । |
| अग्निकवच | – | ना. [तत्स.] आगोले नडढाउने वस्तु (२) आगोबाट वच्न लगाइने वस्त्र (उदा. ब्राह्मणहरू अग्निकवच लगाएर होम गर्छन् ।) |
| अनुशासन | – | ना. [तत्स.] आदर्श आचरण र त्यसको पालना (उदा. म अनुशासनमा बस्छु ।) |

अनुसन्धान – ना. [तत्स.] कुनै कुरा खोज्ने वा पत्ता लगाउने काम (उदा. अनुसन्धानलाई गवेषण पनि भनिन्छ ।)

अतिवृष्टि – ना. [तत्स.] हानि नोक्सानी पुऱ्याउने वर्षा वा झरी । (उदा. हिजो त अतिवृष्टि पानी पऱ्यो ।)

अन्यवृष्टि – ना. [तत्स.] पानी कम पर्ने काम, कम वर्षा ।

अनावृष्टि – वि. [तत्स.] वर्षा नभएको आकाशबाट पर्ने पानी पृथ्वीमा झर्ने अवरोध वा विलम्ब

अचानक – क्रि.वि. [तत्स. अज्ञानत] पूर्व सूचनाविना, एक्कासि अपर्झट (उदा. (अचानक के भयो आज)

अट्टहास – ना. [तत्स.] ठूलो स्वरको हाँसो, खित्का छोडेको हाँसो (उदा. कन्सको अट्टहास देखेर देवकी छक्क परी)

अनुभव – ना. [तत्स.] भोगाइ, चेताइ, बेहोराइ (उदा( राम भात पकाउनका लागि अनुभवी छ ।)

अवान्तर – वि. [तत्स.] बिचमा रहेको माझमा परेको मध्यवर्ती

अर्ती – ना. [तत्स.] हितका कुरा भलो हुने कुरा (उदा. बुद्धका अर्ती उपदेशहरू सुन्नुपर्छ)

असन्तोषी – वि. [तत्स.] असन्तोषी सन्तोष नहुने वा नमान्ने । (उदा. मान्छे जहिले पनि असन्तोषी हुन्छ ।)

(आ)

| | | |
|---|---|---|
| आचरण | – | ना. [तत्स.] व्यक्तिमा हुने नैतिक दृष्टिको हेरिने राम्रो नराम्रो सबै काम कुरा, चालचलन (उदा. तीनको आचरण ठिक छैन) |
| आत्मनिर्भर | – | ना. [तत्स.] आफैमा भर पर्ने जे गर्नु छ आफै गर्ने (उदा. माया आत्मनिर्भर छिन्) |
| आश्रय | – | ना. [तत्स.] सहारा, आधार, विश्राम गर्ने ठाउँ (उदा. आश्रय खोज्न हामी कहाँ पुग्ने ।) |
| आयआर्जन | – | ना. [तत्स.] आम्दानी फाइदा लाभ (उदा. आय आर्जन केही छैन ।) |
| आँच | – | ना [तत्स. अर्चि] कुनै काम कुराप्रति पुऱ्याउने सहयोग । |
| आविस्कार | – | वि. [तत्स.] नयाँ सिद्धान्तको प्रतिपादन : नयाँ नयाँ वस्तुको उत्पादन (उदा. विज्ञानले नयाँनयाँ आविष्कार गरिसक्यो ।) |
| आदर्शवादी | – | ना. [तत्स.] रूप गुण र विचारको अनुकरण गर्न सुहाउँदो व्यक्ति । |
| आत्मा | – | ना. [तत्स.] शरीरमा रहेमा त्यसलाई जीवित वराख्ने र क्रियाशील बनाउने तथा नरहेमा निस्क्रिय वा मुर्दा बनाउने अविनाशी । (उदा. आत्मा भड्कीरहन्छ ।) |
| आकृति | – | ना. [तत्स.] बान्की, बनावट मुख चेहरा (उदा. मान्छेको आकृति बनाउन सकिन्छ ।) |
| आकाशवाणी | – | ना. [तत्स.] आकाशबाट बालिने बोली देववाणी (उदा. पहिला देवताहरू आकाशवाणी हुन्थे ।) |

आजित – वि. [अ. आजिज] हैरान दिक्क, भएको (उदा. हामी नेपाल देखेर आजित भएका छौँ ।)

आनन्द – ना. [तत्स.] हर्ष प्रसन्नता खुसी (उदा. थेसिस सकिएपछि आनन्द हुन्छ ।)

आवर्त – ना. [तत्स.] बीच भागलाई केन्द्र मानेर त्यसको चारैतिर घुमिरहने पानी भुँवरी (उदा. पानीमा कस्तो आवर्त हुन्छ ।)

आक्षेप – ना. [तत्स.] निन्दा तिरस्कार कठोरवचन (उदा( कल्पनाकी आमा अक्षेप वचन बोल्छे ।)

(इ)

इमानदार – ना. [आ.] लेनदेन नियम अनुशासन व्यवहारमा गरिने समता सच्याइ (उदा. इमान्दार व्यक्ति जहिले नि धोका पाइन्छ ।)

इतिहास – ना. [तत्स.] अतीतकाल वा विगत समयका घटनाहरूको वर्णन (उदा. नेपालको इतिहास धेरै पुरानो छ ।)

इच्छा – ना. [तत्स.] कुनै कुराको प्राप्तिका लागि मनमा उब्जने भावना (उदा. हरेक बुवा आमाले छोराछोरीले प्रगति गरुन् भन्ने इच्छा राख्छन् ।)

इस्त्री – /इस्त्री/ ना. [आ.] कोइला वा विजुलीको तापले लुगालाई समाउने साधन आइरन (उदा. लुगामा इस्त्री लगाएको छ ।)

(ई)

ईश्वर – ना. [तत्स.] सम्पूर्ण विश्व ब्रह्माण्ड वा सृष्टिलाई बनाउने विगार्ने र तिनको नियन्त्रण तथा शासन गर्ने मानिएका परम पुरुष वा परमात्माका रूपमा पुजिने सर्वप्रथम सभा : भगवान् परमेश्वर (उदा. हे ईश्वर हामीलाई बचाइदेऊ ।)

ईर्ष्या – ना. [तत्स.] अर्काको बनिबनाउ वा समृद्धि देखेर मनमा उब्जने डाह (उदा. प्रगति गरेको देखेर ईर्ष्या गर्नेहरू धेरै छन् ।)

(उ)

उजाड – ना. [तत्स. उज्जाड] उजाडने काम । (उदा. यहाँका घाँस त पुरै उजाडिए छ ।)

उज्ज्वल – वि. [तत्स.] उज्यालो चहकदार (उदा. म तिम्रो उज्ज्वल भविष्यको कामना गर्छु ।)

उपदेश – ना. [तत्स.] कसैलाई राम्रो बाटामा लगाउनु वा धर्म नीति र ज्ञानसम्बन्धी असल असल कुरा सिकाउनुका निम्ति दिइने शिक्षा : अर्ती (उदा. हाम्रा गुरुले राम्रा उपदेशहरू दिने गर्थे ।)

उपज – ना. [तत्स.] मनमा उठ्ने कुनै भावना (उदा. मेरो उपज बुझी दिने कोही छन ।)

उपद्रो – ना. [तत्स. उपद्रव] कुनै दुःखद वा कष्टप्रद घटना विजार्य उपद्रव र भाँड भैलो

उपयोगी – वि. [तत्स.] काममा प्रयोग गर्न हुने वा सकिने काम लाग्ने ठिक चाहिँदो योग्य (उदा. उपयोगी सामानहरू घरमा राख्नुपर्छ ।)

उन्मुलन – ना. [तत्स.] फेद वा जरैदेखि उखेल्ने क्रिया वा भाव समूह नष्ट पार्ने काम ।

उल्लास – ⁄उल्लास्⁄ ना. [तत्स. उद्+लास] हर्ष आनन्द । खुसियाली ( उदा. यो दशैं उल्लासमय हुने भयो ।)

उत्थान – ना. [तत्स.] कुनै निम्न स्थितिबाट उन्नत वा उच्च स्तरमा पुग्ने अवस्था वा भाव

उर्वर – ना. [तत्स.] धेरै उब्जनी हुने (उदा. हाम्रो गैरी खेत धेरै उर्वर हुन्छ ।

उर्वरा – ना. [तत्स.] धेरै उब्जाउ जग्गा उदा. रामको खेतमा धेरै उर्वरा छ ।

(ऋ)

ऋषि – ना. [तत्स.] सात्रिक र साधनारत जीवन व्यतित गर्ने तथा जीवन र जगत्का आध्यात्मिक र भौतिक पक्षहरूलाई साक्षात्कार गर्ने व्यक्ति (उदा. पहिला धेरै ऋषिहरू हुन्थे रे ।)

ऋण – ⁄रिण्⁄ ना. [तत्स.] अरूसँग लिएको सापटी कर्जा, (उदा. उसले साहुको ऋण तिऱ्यो ।)

ऋणदाता – वि. [तत्स.] कसैलाई ऋण दिने कर्जा दिने साहु (उदा. पहिले ऋणदाता हुदैनथे ।)

(ए)

एउटा – वि. [एक+वटा] कुनै वस्तु वा कुराको एक सङ्ख्यालाई बुझाउने एकवटा (उदा. मेरो कोठामा एउटा पलङ छ ।)

| | | |
|---|---|---|
| एक्लै | – | वि. [एकल+औ] जहान परिवार कोही नभएको (उदा. राम एक्लै घरमा बस्छ ।) |

(ऐ)

| | | |
|---|---|---|
| ऐंसेलु | | [ना.] पातका काँडा र बाकलो झुस हुने पोथ्रामा फल्ने काफलका जत्रा दाना हुने (उदा. चैत वैशाखमा ऐंसेलु पाक्छन् ।) |

(ओ)

| | | |
|---|---|---|
| ओसिलो | – | वि. [ओस+इलो] ओस वा सर्दी लाग्ने किसिमको ओस भएको (उदा. यहाँ त कस्तो ओसिलो ठाउँ रहेछ ।) |
| ओजन | – | ना. [अ वजन] हे. वजन (उदा. यो खाट ओजन दार छ ।) |
| ओडार | – | ना. [उदार] जीवजन्तु बस्न हुने किसिमले बनेको खोपाको आकार खाली  ठाउँ, गुफा । (उदा. बाघ ओडारमा बस्छ ।) |

(औ)

| | | |
|---|---|---|
| औधी | – | क्रि.वि. [तत्स.] धेरै निकै र उपद्रो फट्याइँ, बदमासी (उदा. रामले औधी बदमासी गर्छ ।) |
| औपचारिक | – | वि. [तत्स.] शिष्टाचारको पालनका निम्ति गरिएको शिष्टाचार सुहाउँदो (उदा. आजको औपचारिक कार्यक्रम सकियो ।) |

(क)

| | | |
|---|---|---|
| कदर | – | ना. [अ. कद्र] सदुपयोग सदव्यवहार (उदा. सामान पाएर मात्र हुँदैन त्यसको कदर गर्न पनि जान्नुपर्छ ।) |

कृषिमल – ना. [तत्स.] बाली नालीमा प्रयोग गरिनेमल (उदा. आजभोली बालीनालीमा कृषिमलको प्रयोग धेरै नै भएको पाइन्छ ।)

कर्तव्य – ना. [तत्स.] नैतिकता विरुद्ध हुने काम : नजानी आचरण टुना मोहनी विष प्रयोग र प्रहार आदिबाट कुनै व्यक्तिको ज्यान लिने दुस्साहस । (उदा. काकालाई कर्तव्य गरी मारेको अभियोगमा रामबहादुर पक्राउमा परेको छ ।)

कर्तुतपालन – ना. [तत्स.] योजनाबद्ध तरिकाबाट गरिएको नराम्रो कार्य । षड्यन्त्र (उदा. उसको कर्तुतपालन देखेर मलाई दिक्क लागिसक्यो ।)

कल्याण – ना. [तत्स.] सबै किसिमले हुने भलो वा बढिबढाउ असल भलाइ हित (उदा. रामकी आमा सबैको कल्याण होस् भनी भगवानसँग प्रार्थना गर्छिन् ।)

काफल – ना. [तत्स.] कष्टफल । लाम्चा पात हुने गुच्छागुच्छा राता साना फल फल्ने एक वृक्ष गर्मी महिनामा फल्ने फल । (उदा. चैत वैशाखमा काफल पाक्ने गर्छन् ।)

कारखाना – ना. चीजबीज तयार पार्ने बनाउने वा उत्पादन गर्ने घर (उदा. काठमाडौँमा ठूलठूला कारखाना छन् ।)

कीटनाशक – वि. [तत्स.] कीरा मार्ने वा नाश गर्ने (उदा. आजभोलि तरकारीहरूमा कीटनाशक औषधिको प्रयोग गरेको पाइन्छ ।)

कुपोषण – ना. [तत्स.] शरीरका लागि अनुपयुक्त तथा हानिकारक खाद्यपदार्थ : पोष्टिक तत्त्व कम भएको खाद्य वस्तु उदा. ( बालबालिकाहरूमा कुपोषण बढेको छ ।)

कुलत – ना. [कु+लत] नराम्रो बानी बेहोर खराब नजाति (उदा. मेरो साथी कुलतमा फसेको रैछ ।)

कालान्तर – ना. [तत्स.] १. अर्को समय धेरै पछिको समय (२) मौका परेको कुनै बेला (उदा. म दिनेशलाई कुनै कालान्तरमा बुझाउने छु ।)

कुँडो – ना. [तत्स. कुण्ड] पीठो आदि हाली पकाएर गाई वस्तुलाई खुवाइने खोले (उदा. गाईलाई कुँडो पकाए ।)

कीटाणु – ना. [तत्स.] रोग उत्पन्न गर्ने सुक्ष्मदर्शी सजीव वस्तु (उदा. कीटाणुले गर्दा रोग सर्ने गर्छ ।)

(क्ष)

क्षमा – /छ्यमा/ ना. [तत्स.] [क्षम्+आ] अपराधीलाई दिइने माफी । (उदा. कुल स्वीकार गरेर उसले क्षमा पायो ।)

क्षति – ना. छ्यति [तत्स.] [क्ष+ति] हानी नोक्सानी घाटा । (उदा. बाढीले बालीनालीले क्षति भयो ।)

(ख)

खडेरी – ना. [ख+अ+डेए+र+इ] खतीपाती गर्ने वर्षायाममा वा पानी पर्नुपर्ने समयमा पानी नपरी सुक्खा लागेको अवस्था (उदा. यसपाली कस्तो खडेरी परेको छ ।)

खोँच – ना. दुई पहाडका बिचको गहिरो र साँघुरो ठाउँ (उदा. उसको घर पहाडको खोँचमा छ ।)

खैँजडी – ना. एकतिर मात्र छालाले बादिएको भजन कीर्तन आदिमा बजाइने प्रसिद्ध एक तालबाजा (उदा. यसपालीको शिवरात्रीमा खैँजडी बजाएर भजन गाइयो ।)

खरायो – ना. [फा. खरगोश] गुसाको जातको विरालोजत्रो लामाकान हुने र उफ्रिदै दगुर्ने शाकाहारी एक जङ्गली प्राणी (उदा. हाम्रो घरमा धेरै खरायोहरू छन् ।)

खातिर – ना. यो [आ.] १. निम्ति लागि र आदर सम्मान (उदा. म आफ्नो खातिर विद्यालय जान्छु ।)

खुन/सुन् – ना. (आ) रगत रक्त (उदा. घाउबाट खुन वग्यो ।)

खाद्य – वि. [तत्स.] खाइने वा खान लायक (उदा. खाद्यवस्तुहरू धेरै छन् ।)

खुब – /खुव्/ क्रियो बढ्ता धेरै झन् (उदा. राम तिमीसँग खुब रिसायो ।

(ग)

गाथा – ना. [तत्स.] १. सरलता तथा विस्तारपूर्वक गाइने सत्य घटना (उदा. उपेन्द्र देवकोटाज्यूले विरेन्द्रको गाथा गायो ।)

गुणी – वि. [तत्स.] गुण भएको असल (उदा. ऊ असाध्यै गुणी छ ।)

गहना – ना. १. सुन चाँदी आदिबाट बनाइने सिंगार पहारका साधन (उदा. हरिकी दुलहीसँग धेरै गहना छ ।)

गरिमा – ना. [तत्स.] १. गह्रौपना महत्त्व गौरव (उदा. आजको सभामा गरिमामय उपस्थिति थियो ।)

गोठेमल – वि. गोठ भित्रको मल गोवर उदा. पहिला गोठेमल नै प्रयोग गर्थे ।

गाजलु – ना. [तत्स. कज्जल] गाजल लोकगीतमा बादलु मादलुका किसिमे गाजलको पर्यायमा प्रयुक्त शब्द (उदा. झमझम परेली आँखमा  गाजलु सम्झने कोही छैन ।

गाना – ना [स. गान] गीत गाना (उदा. आज गाडीमा कस्ता राम्रा राम्रा गाना बजाएको थियो ।

गुजारा – ना [आ] जीवन निर्वाहका निम्ति अँगालिएको वा दिइएको पेशा (उदा. जीवन निर्वाह गर्नका लागि गुजारा गर्नैपर्छ ।)

(घ)

घट्ट – ना. [प्रा.] पीठो पिँध्ने यन्त्र (उदा. आज म घट्ट गहुँ पिस्न गए ।)

घुर्रो – ना. [घुर्रे + आ + आ] १. मही पार्दा मदानीको सर घिउारु अड्याइरहने काठको प्वाल भएको चक्का (उदा. घुर्रोमा लागेको नैनी कति मिठो हुन्छ ।)

घोषणा – ना. [तत्स.] कुनै कुरो ठूलो स्वरले सुनाउने काम (उदा. चुनावको घोषणा सुन्दा सुन्दै वाक्क भइसके ।)

(च)

चालबाजी – ना [तत्स. चाल + का +बाजी] छल कपट धाका षड्यन्त्र ( उदा. पाण्डवहरूलाई कौरवहरूले चालबाजी गरेर बनबास पठाए ।)

चुक्ली – ना. [फा. चुगली] अर्काका विषयमा कसैसित गरिएको नराम्रो कुरो (उदा. म घरमा नहुँदा मेरै चुक्ली गरेर बसिरा हुन्छन् ।)

चिनो – /चिने/ - ना. [तत्स.] चिन् + ओ सम्झनास्वरूप रहने कुनै वस्तु चिह्न निशान (उदा. तिमीले दिएको सम्झनाको चिनो सम्हालेर राखेको छु ।)

चिरस्मरणीय – वि. [तत्स.] धेरै दिनसम्म सम्झनामा रहिरहने पछिसम्म सम्झन योग्य (उदा. कलेजका दिनहरू चिरस्मरणीय रहने छन् ।)

चतुर्दन्त – वि. [तत्स.] चारवटा दाँत उम्रेको चार दाँते (हात्ती) (उदा. पातालगङ्गामा चतुर्दन्त नाम गरेको हात्ती बस्छ ।)

(छ)

छावा – ना. [तत्स. शाव] १. हात्तीको बच्चा र डस्ने स्वभावको एक किसिमको कीरो (उदा. खडेरीले हात्तीका छावाहरू मरे ।)

(ज)

जलविहार – ना. [तत्स.] नदी, तलाउ र समुद्रमा जहाज डुङ्गा आदिद्वारा गरिने सैर वा यात्रा : जलयात्रा ।

जनशक्ति – नी. [तत्स.] जनतामा रहेको बल, बुद्धि आदिको तागत जनताको क्षमता । (उदा. नेपालमा अझै पनि दक्ष जनशक्ति उत्पादन गर्न सकिएको छैन ।)

जमिनदार – ना. [आ.] प्रशस्त जग्गा जमीन भएको व्यक्ति (उदा. हाम्रो हजुरबा जमिनदार थिए ।)

| | | |
|---|---|---|
| जहान | – | ना. [आ.] १. एकै भान्सामा खाने व्यक्ति : एकाघरका मानिस (उदा. हाम्रो ठूलो जहान छ ।) |
| जलाशय | – | ना. [तत्स. जल + आशय] पानी रहने ठाउँ (पोखरी तलाउ इनार कुवा आदि । पानीधारा (उदा. रामको घर जलाशयको छेउमा छ ।) |
| जीवाणु | – | ना. [तत्स.] अनेक प्रकारका रोग उत्पन्न गर्ने जीवनशक्तियुक्त प्राण लिने हत्यारा । घातक (उदा. जीवाणुले विभिन्न प्रकारका रोग फैलाउँछ ।) |
| जीवधारी | – | ना. [तत्स.] सृष्टिका सानाठूला सबै प्राणी : जीवजन्तु जीवात (उदा. सृष्टिमै जीवधारी प्राणीहरू धेरै छन् ।) |
| ज्योति | – | ना. [तत्स.] बत्ती सूर्य चन्द्रमा, तारा आदिबाट निस्कने प्रकाश (उदा. तिहारमा घरघरमा ज्योति बाल्छन् ।) |
| जाँगर | – | ना. [तत्स. जागर] कुनै पनि काम गर्न मनमा उत्पन्न भएको उत्साह मिहिनेत गर्ने सल्लाह (उदा. मलाई आज कस्तो पढ्ने जाँगर चलेको छ । |
| जन्म | – | ना. [तत्स.] १. प्रसव, पैदा र जीव वन चोला जिन्दगी (उदा. मेरो जन्म दार्चुला जिल्लामा भएको हो ।) |
| जडीबुटी | – | ना. औषधीका काममा आउने वनस्पतिका बुटा र जरा जरोबुटो (उदा. जङ्गलमा जडीबुटी पाइन्छन् ।) |
| जल | – | ना. [तत्स.] पानी, उदक, पवित्र पानी । (उदा. वाग्मतीको जल फोहोर छ । |

जङ्गल – ना. [तत्स.] १. मान्छेहरूको वस्ती वा आवादी नभएको रुख विरुवाको घारी भएको ठाउँ (उदा. जङ्गलमा गाई गुरुहरू चराइन्छ ।)

(ज्ञ)

ज्ञानी – वि. [तत्स.] आत्माज्ञान वा ब्रह्मज्ञान प्राप्त भएको ज्ञानवान (उदा. मेरो बाबु असाध्यै ज्ञानी छ ।)

ज्ञान – /ग्याँन/ ना. [तत्स. ज्ञान+न] कुनै विषयवस्तुलाई मस्तिष्कले ग्रहण गर्ने काम, बुझ्ने काम बुझाइ (उदा. वच्चालाई सबै कुराको ज्ञान हुँदैन ।)

(झ)

झन्डै – क्रि.वि. [तत्स. झण + झणम] १. लगभग पुगनपुग अलिअलि नपुग्नु (उदा. अहिले झन्डै खस्नु भाथ्यो ।

झल्कनु – [झल्क+नु] अति उज्यालो वा चमकले मलमल हुनु टल्कनु चम्कनु उदा. उसको घर रातो रङ्गले गर्दा झल्कन्छ ।

झलक्क – ना. [झार+पात] रुखबाट खसेका पात र भुइँमा उम्रेका झारको समूह (उदा. बारीमा झारपात छ ।)

झारपात – क्रि.वि. [तत्स.] एक छिन मात्र देखा पर्ने गरी झुलुक्क (उदा. मैले सरलाई झलक्क देखेँ ।)

झगडा – ना. [प्रा. झगडा] कलह भनावैरी कचिङ्गल । (उदा. यो दुई भाईको कति झगडा हुन्छ ।)

(ट)

टिकाटिप्पणी – ना. [तत्स.] कठोर र गुढ अर्थको व्याख्या टीका । (उदा. टिकाटिप्पणी उठाउन बाँकी रहेकोले निवेदनमा कारवाई हुन बाँकी छ ।)

टुहुरा – वि. [तत्स. तुवर] कुनै सहाय नभएको अनाथ, विचरा । (उदा. नेपालमा टुहुरा बालाबलिकाहरू धेरै छन् ।

(ठ)

ठेकी – ना. [ठेको+ई] दही, मही, घिउ, तेल आदि राखिने काठको भाँडो (उदा. हाम्रो घरमा ठेकीमा दहि जमाउन्छन् ।)

ठाडे – वि. [ठाडो + ए] १. ठाडो स्वभावको, रुखो शिष्टाचार नजान्ने (उदा. अनपढले प्रायः ठाडे स्वभावका कुरा गर्दछन् ।)

(ड)

डाढे – वि. [डाढ+ए] अरूको कुभलो र आफ्नो मात्र भलो होस् भन्ने कलुबित भावना भएको (उदा. हरिको साथी कस्तो डाढे रहेछ ।

(ढ)

ढोई – ना. पोथी हात्ती, हातनी र मोटी स्त्री (उदा. सीताको साथी कस्तो ढोई देखिन्छे ।)

ढैँचा – ना. [आ.] तराईतिर उब्जने एक प्रकारको धानको नाउँ (उदा. यसपालि त ढैचा धान मात्रै फलेछ ।)

ढुङ्गा – ना. [ढुङ्गो] १. सीमा वा सिमानामा गाडिएको चिनु खन्थर शिला ढुङ्गो (उदा. हाम्रो पहाडमा ढुङ्गाले चिढेको घर छ ।)

(त)

तेज – वि. [आ.] १. फुर्तिलो छरितो । (उदा. राम त कति तेज दौडिन्छ ।)

ताजा – वि.[आ.] १. नसेलाएको वा बासी नभएको (उदा. मेलामा कस्तो ताजा जेरी पाइन्छ ।)

तुच्छ – वि. [तत्स.] नीच । चुन्थो छोटो (उदा. आज कस्तो तुच्छ मानिस भेटेँ ।)

तापक्रम – ना. [तत्स.] उष्णता वा तातोपना (उदा. आजको तापक्रम शून्य डिग्री रहेछ ।

तान्त्रिक – ना. [तत्स.] तन्त्रमन्त्र जान्न वा त्यसको प्रयोग गर्ने (उदा. सूर्य कस्तो तान्त्रिक छ ।)

तराई – ना. [तल] पहाडमुनिको फराकिलो समतल भूभाग मधेस । ( उदा. तराईमा धान धेरै फल्छ ।)

तत्व – ना. [तत्स.] वास्तविक स्थित वा यथार्थ कुरा ।

तारिफ – ना. [अमुतअरीफ] असल गुणहरूको बढाइ प्रशंसा । (उदा. रामको तारिफ खुब सुनिन्छ ।)

तलाउ – ना. [तत्स. तल्ल] ठूलो पोखरी, ताल जलाशय । (उदा. तलाउमा माछा पाइन्छ ।)

(त्र)

त्रास – ना. [तत्स.] डर, भय, अन्यास, तरास (उदा. हिजो मलाई कस्तो त्रास कोटियो ।

त्रिवेणी – ना. [तत्स.] १. तीन नदीको सङ्गमस्थल

(थ)

थाङ्का – ना. [तत्स.] कागत कपडा आदिमा अङ्कित बौद्ध धर्मसँग सम्बन्धित चित्र विशेष पौवा (उदा. गुम्बामा थाङ्का लगाएको छ ।)

(द)

दँतार – ना. [दाँत+आर] १. पुरा दाँत उम्रिसकेको मत्ता हात्ती (र) ठूला ठूला दाँत भएको । (उदा. हात्तीका कति ठूला दँतारा हुन्छन् ।)

देवस्थल – ना. [तत्स.] देवताहरू स्थापना गरिएको ठाउँ मन्दिर देवालय (उदा. शिवको देवस्थल कैलाश पर्वत हो ।)

दशक – ⁄दसक⁄ वि. [तत्स.] [दश+क] सङ्ख्यावाचक दशको समूह, दश वर्ष समूह । (उदा. नेपालमा प्रजातन्त्र आएको सात दशक भयो ।)

द्वेषी – वि. [तत्स.] द्वेष गर्ने डाहा गर्ने शत्रु दुस्मन । (उदा. यो देशमा द्वेषीमात्र बढी छन् ।)

दृश्य – वि. [तत्स.] हेर्न वा देख्न सकिने (उदा. यताबाट टाढाको दृश्य देखिन्छ ।)

(ध)

धार्मिक – वि. [तत्स.] धर्मसँग सम्बन्धित धर्म विषयक, धर्म गर्ने (उदा. लामाहरू धेरै धार्मिक हुन्छन् ।)

धूर्त – वि. [तत्स.] कपटपूर्व चलाकी जान्ने (२) धोकेबाजी (उदा. क्रिसाको प्रेमी त धूर्त पो रहेछ ।)

धृतराष्ट्र – ना. [तत्स.] महाभारतमा प्रसिद्ध जन्मै देखिका अन्धा एक प्रसिद्ध राजा (उदा. दुर्योधनका पिता धृतराष्ट्र हुन् ।)

धैर्य – ना. [तत्स.] उत्ताउलो वा आतुर नहुने स्वभाव शान्त (उदा. भगवानले धैर्य धारण गर्ने शक्ति दिउन् ।)

धीत – वि. [तत्स.] पान गरिएको खाएको इच्छा (उदा. मैले धीत मरुञ्जल पानी खाएँ ।)

ध्वनि – ना. [तत्स.] कानले सुन्न सकिने आवाज (उदा. पशुहरूको ध्वनि छुट्टै चिनिन्छ ।)

धर्ती – ना. [तत्स. धरिती] पृथ्वी जमिन (उदा. यो धर्तीले पनि कस्ता कस्ता मान्छे बोकेको छ ।

धर्मात्मा – वि [तत्स.] आत्मामा धार्मिक संस्कार भरिएको धर्म गर्ने धार्मिक । (उदा. नेपालका मान्छेहरू धेरै धर्मात्मा छन् ।)

(न)

निरस – वि. रस नभएको उराठ (यो कागती त कस्तो निरस रहेछ ।

नित्य – क्र.वि. [तत्स.] कहिल्यै नबिराईकन उटुट रूपमा लगातार सधैँ । (उदा. विहान नित्यकर्म गरिन्छ ।

न्याय – ना. [तत्स.] सुहाउँदो वा उचित कुरो (उदा. न्यायमा मात्रै बोल्नुपर्छ ।)

निडर – वि. [तत्स. नि+डर] मनमा डर नभएको कसैको भय नमान्ने (उदा. राम कति निडर छ ।)

नेत्र – ना. [तत्स.] १. आँखा : चक्षु नयन, नेती (उदा. मेरो नेत्र तेज छ ।)

नाता – ना. [तत्स. ज्ञाति] एउटै कुलमा जन्मनाले वा विवाह आदिले गर्दा जोडिएको पारस्परिक सम्बन्ध स्नेह माया । (उदा. उनीसँग मेरो काकाको नाता पर्छ ।)

निर्धक्क – वि [निर+धक] डर वा त्रास नभएको धक नमान्ने (उदा. हरिको परीक्षा चलिरहेको छ र पनि ऊ निर्धक्क छ ।)

निर्माण – ना. [तत्स.] घर मन्दिर सडक आदि बनाउने काम, रचना । उदा. सडक निर्माण कार्य भइरहेको छ ।)

नाइके – ना. [तत्स. नायक] कुनै पनि कामको अगुवा नायक । उदा. पातालगङ्गामा नाइके नाम गरेको खरायो थियो ।

(प)

प्रहर – ना. [तत्स.] दिन रातका आठ भागको एक भाग, तिन घण्टाको समय (उदा. प्रहरको बेला भयो अब म आउदिन ।)

पूर्णिमा – ना. [तत्स.] चन्द्रमास अनुसार शुक्ल पक्षको अन्तिम दिन पूर्ण चन्द्र भएको दिन (उदा. पूर्णिमाको रातमा तिमीलाई सम्झी रहने छ ।)

प्राविधिक – वि. [तत्स.] कुनै किसिमको विज्ञान व्यावहारिक (उदा. नेपालमा प्राविधिक शिक्षाको विकास हुन सकेको छैन ।)

प्रतिफल – ना. [तत्स.] कुनै कुराको निचोड निष्कर्ष (उदा. आजको प्रतिफल कस्तो आउँछ ।)

प्रण – ना. [तत्स.] दृढनिश्चय प्रतीक्षा

पुकार – ना. कसैको नाउ लिएर नाउ लिएको व्यक्तिले सुन्ने गरी टाढाबाट बोलाउने काम (उदा. मेरो पुकार कसले सुनोस् ।)

पाडी – ना. [पाडो+ई] भैसीको पोथी बच्चा (उदा. पाडी भैंसी मऱ्यो ।)

प्राङ्गारिक मल – ना. [तत्स.] पातपतिङ्गर खाडलमा कुहाएर गाउँघरमै तयार गरिएको मल । (उदा. प्राङ्गारिकमल राखेको तरकारी मिठो हुन्छ ।)

प्रगति – ना. [तत्स.] राम्रो सित अगाडि बढ्ने क्रिया (उदा. अरूको प्रगतिमा किन इर्ष्या गर्ने हामीले ।)

प्रलोभन – ना. [तत्स.] ज्यादै लोभ एवं लालच गर्ने काम ।

परमात्मा – ना. [तत्स.] परब्रह्म वा परमेश्वर । (उदा. परमात्माले खराब आचरण भएको मान्छेलाई सताउँछ ।)

| | | |
|---|---|---|
| पास | – | ना. [तत्स.] पच्चीस खेलमा झैँ थर्कीको प्रयोग हुने तर कौडाको सातो छ, पाँच दुई र एक विन्दु हुने लोम्चो र चारपाटे टुक्रो गुडाएर खेलिने खेल (उदा. कौरवहरूले पासा खेलेर पाण्डहरूलाई हराए ।) |
| परोपकार | – | ना. [तत्स.] अर्काको उपकार, पराइको भलो हुने काम । |
| प्रारम्भिक | – | ना. (वि.) प्रारम्भ सम्बन्धी प्रारम्भको । (उदा. प्रारम्भिक चरणको परीक्षाबाट पास पाइयो ।) |
| प्राकृतिक | – | वि. [तत्स.] प्रकृतिसम्बन्धी प्रकृतिको (प्राकृतिक सम्पदाहरू धेरै छन् नेपालमा ।) |
| प्रयोगशाला | – | ना. ना. पदार्थ विज्ञान रसायनशास्त्र आदि विज्ञान विषयक तथ्यहरूलाई जाँचबुझ गर्ने । |
| प्रतिभा | – | ना. [तत्स.] नयाँ नयाँ कुराको कल्पना गर्न सक्ने र कलात्मक । |
| परीक्षण | – | ना. [तत्स.] परीक्षा लिने काम जाँच गर्ने काम (उदा. कपिहरू परीक्षण हुँदैछन् ।) |
| प्रदूषण | – | ना. [तत्स.] दुषित पार्ने काम दोषयुक्त पार्ने काम । (उदा. वातावरण प्रदुषण भयो धुवा धुलाले गर्दा ।) |
| पूर्वज | – | ना. (ना.) जाति वा वस्तुको अंश वा आदिम स्वरूप । |
| पीडा | – | ना. [तत्स.] शारीरिक वा मानसिक दुःखको अनुभव । |
| परवाह | – | ना. [आ.] पर्वाह |

प्रतिविम्ब – ना. [तत्स.] प्रतिविम्ब

प्रगत – वि. [तत्स.] अघिल्तिर भएको ।

पुरातात्विक – वि. [तत्स.] पुरातत्वसम्बन्धी पुरातत्वको

प्रायश्चित – ना. [तत्स.] गरेका पाप वा अपराधको दोष मेट्नका निम्ति गरिने शास्त्रविहिन धार्मिक कृत्य ।

प्रविधि – ना. [तत्स.] कुनै काम गर्दा अनुभव तथा प्रयोगका आधारमा अंगालिने खास विधि वा प्रक्रिया

परिश्रम – ना. [तत्स.] थकाई लाग्ने गरी गरिने काम । (उदा. परिश्रमको मल मिठो हुन्छ ।)

प्रकृति – ना. [तत्स.] व्यक्ति वा वस्तुको मूलभूत विशेषता प्रकृतिमा रम्न सिक्नुपर्छ ।

प्यारो – वि. [प्यार+ओ] मनपर्दो स्नेहिलो प्रिय (उदा. मेरो भाई कति प्यारो छ ।)

प्रतीक – /परतीक/ ना. [तत्स. प्र+तिक] कुनै वस्तुप्रतिको धारणा चिनो सङ्केत (उदा. आाखामा तिम्रो प्रतीक नाचिरहन्छ ।)

पिपल – ना. [तत्स. पिप्पल] पानका आकारको तर टुप्पाको भाग केही लामो हुने डाँठ हुने (उदा. पिपलको हावा शितल हुन्छ ।)

पाण्डु – ना. [तत्स.] पञ्चपाण्डवका पिता (उदा. पाण्डवहरूका पिता पाण्डु हुन् ।)

पात – ना. [तत्स. पत्र] बोटविरुवाको सास फेर्ने अङ्ग । (उदा. रुखका पात कति राम्रा देखिन्छन् ।)

(फ)

फन्कनु – आ.क्रि. [फन्क+नु] रिसले छट्पटाउनु रिसाउनु । (उदा. राम कुरा गर्दागर्दै रिसले फन्केर हिड्यो ।)

फनफन – क्रि.वि. [अ.मू. फन्+फन्] कुकै वस्तु वेगले घुम्ने वा घुमाउने गरी (उदा. मेरी बहिनी फन फन नाचिन् ।)

फुर्तिलो – वि. [फूर्ती+ इलो] फूर्ती भएको । काम काजमा छिटो र जागरिलो । (उदा. राम धेरै फुर्तिलो छ ।)

(ब)

बाधा – ना. [तत्स.] कुनै कामकुरामा बाधा आउने स्थिति रोक ।

बहुमूल्य – वि. [तत्स.] १. धेरै मोल पर्ने किम्मती दामी । उदा. हाम्रो देश नेपालमा पनि धेरै बहुमूल्य वस्तुहरू छन् ।)

बेला – ना. [तत्स. बेला] समय टाइम बेला । (उदा. भोलि त म यति बेला दार्चुला पुगि सक्छु ।)

बाली – ना. [बाल+इ] खेतबारीमा लगाएको तथा उब्जेको अन्न खेती उब्जनी (उदा. बाली वा विरुवा नै भुरीको तेल । (उखान)

बगर – ना. [गुज+वगड < प्रा. विगड] खोलाले घाडेको वलौटे जमिन (उदा. हरिको घर कस्तो बगरमा पो रहेछ ।

बेत – ना. [तत्स. वोत] सुत्केरी हुनाको पटक पशुको वियानाको पन्त (उदा. भैंसीलाई बेत लागेको छ ।

बेराजगारी – ना. [बे+रोजगारी] रोजगारी नहुने स्थिति विकान (हाम्रो देशमा बेरोजगारीको संख्या बढी छ । )

बेहुली – ना. [बेहुलो + इ] विवाहकी कन्या दुलही (उदा. बेहुली भित्र्याउने बेला भयो ।

बन्धुत्व – ना. [तत्स.] संसारका सबैलाई दाजुभाई ठान्ने भाव (उदा. सम्पूर्ण बन्धुत्वहरूलाई नारी दिवसको कार्यक्रममा निमन्त्रणा छ ।

(भ)

भस्म – ना. [तत्स.] कुनै पनि वस्तु जलेर भएको खरानी : विभूति । ( उदा. आगलागीबाट भएर पुरै कारखाना भस्म भएछ ।)

भन्याङ – ना. [भञ्जन] डाँडो हुने ठाउँ नेटो (उदा. परको भन्याङ माथि कुटिमा छ ।)

भाका – ना. [भाखा तत्स भाषा] कुनै काम पूरा गर्न तोकिएको अवधि म्याद (उदा. दुई महिनाको भाका दिएको छ ।)

भाइचारा – ना. [तत्स.] कुनै दुई थरी व्यक्ति वा पक्षका बीचको भाइ बन्धुका नाताले गरिने आत्मीयतापूर्ण व्यवहार वा सम्बन्धी ( उदा. नेपाल भारत बिच भाइचाराको सम्बन्ध छ ।)

भासण – /भासण/ ना. [तत्स. भाष्+अन] स्रोताको सामून्यमा उभिई समसामयिक विषयमा गरिने मौखिक व्वयाख्या (उदा. नेताहरूले भाषण मात्र ठूला गर्छन् ।)

भावुक – वि. [तत्स.] कोमलचित्र सहृदय, रसज्ञ (उदा. आम धेरै नै भावक हुनुहुन्छ ।)

भिक्षा – ना. [तत्स.] माग्नेलाई दिइने अन्न भीख (उदा. पहिला साधुहरू भिक्षा माग्न पनि आउथे ।)

भुमरी – ना. [प्रा. भूमइ] १. हावा पानी आदि घुमेर बनेको चक्रकार ठाउँ ।

(म)

मत्ता – ना [तत्स. मत्र] जवान हात्ती भाले हात्ती (उदा. पातालगङ्गामा मत्ता हात्ती पनि थियो ।)

मकुना – ना. [तत्स. मन्कुण] धावाको उमेर नाघेको तर दाह्रो नआएको जवान हात्ती ।

महत्त्व – ना. [तत्स.] आवश्यकता, जरुरत । (उदा. हाम्रो देशमा व्यावसायिक शिक्षाको महत्त्व छ ।)

मनमोहक – वि. [तत्स.] मनलाई मोहित पार्ने (उदा. सानो बाबुलाई देखेर मनमोहक जागेर आउँछ ।

मोह – ना. [तत्स.] भय चिन्ता आतुरता अत्यास (उदा. मलाई त मोह लाग्यो ।)

मोती – ना. [तत्स. मोत्रिक] समुद्री सिपीबाट निस्कने वा बन्ने एक प्रकारको बहुमूल्य सेतो रत्न मुक्तफल (उदा. हिमाल हेर्दा मोतीका दाना जस्तो देखिन्छ ।

मतान – ना. [तत्स.] मूल घरको सामुन्ने वा आसपासमा बनाइएको सानो घर (उदा. पहाडमा हाम्रो मतान घर छ ।)

मिहिनेती – वि. /मिहिनेत+इ/ मिहिनेत गर्ने लगनशील (उदा. प्रतिमा निकै मिहिनेती छिन् ।)

मिलनसार – वि. [तत्स. मिलन+सार] जोसँग पनि मिल्ने सबैसँग घुलमिल हुने ।

मारुनी – ना. [तत्स. मारु+नी] आइमाईको भेषमा नाच्ने र गाउने व्यक्ति (उदा. नारी दिवसमा नारीहरू मारुनी भेषमा नाचे ।)

माइवेली – ना. इलामका माई र जागमाई दुई नदीमा दोानमा माघभरि मेला लाग्ने सथान (उदा. इलामा माइवेलीमा माघमा जहिले नि मेला लाग्छ ।)

मानवता – ना. [तत्स.] मान्छेमा हुनुपर्ने गुण (उदा. आजभोलिका मान्छेहरूमा मानवता नै हराएको छ ।)

मध्याह्न – वि [तत्स.] मध्य दिउँसो उदा. अहिले मध्याह्नको बाह्र बज्यो ।

मृत – वि. [तत्स.] सास गएको मृत्यु भएको (उदा. राम मृत अवस्थामा फेला पऱ्यो ।

मस्तिष्क – ना. (तत्स.) खोपडी गिदी दिमाग (उदा. मस्तिष्कमा घाउ भयो ।)

मौसम परिवर्तन – ना [आ. मोसिम] ऋतु परिवर्तन (उदा. चैत वैशाख महिनामा कस्तो मौसम परिवर्तन हुन्छ ।

महापुरुष – ना. [तत्स.] ठूला मानिस पुज्य व्यक्ति (उदा. नेपालमा पनि महापुरुष रहेछन् ।)

माध्यम – वि. [तत्स.] कुनै काम सिद्ध गर्ने साधन वा उपाय (उदा. मोहनीका माध्यमबाट रमेश चिनियो ।)

माथ – ना. [तत्स. मस्तक] टाउको शिरमाथा । (उदा. मेरो माथमा सिन्दुर टल्केको छ ।)

मित्रवत् – ना. [तत्स.] सहयोगी शुभचिन्तक (उदा. साथीहरू निकै मित्रवत् छन् ।)

मादलु – ना. [तत्स.] मादल बजाउने एक प्रकारको बाजा (उदा. मादलुको तालमा नाचियो ।

मुरली – ना. [तत्स.] निगलो, बाँस वा काठद्वारा बनेको बजाइने एक बाजा (उदा. कृष्णले मुरली बजाउँछ ।)

(य)

युक्ति – ना. [तत्स.] कुनै पनि समस्याको समाधान गर्ने उपाय । (उदा. युक्ति सामु शक्ति टिक्दैन ।) उखान

योगदान – ना. [तत्स.] कुनै काममा महत्त्वपूर्ण सहायतादिने काम सहभागिता (उदा. म यहाँसम्म पुग्नुमा मेरा बुवा आमाको ठूलो योगदान छ ।)

यश – ना. [तत्स.] राम्रो काम गर्ने पाउने इज्जत सुकीर्ति (उदा. मैले सबैसँग यश पाए ।)

यात्री – ना. यात्रा गर्दै रहेको व्यक्ति, पर्यटक (उदा. आजको यात्रा सफल भयो ।)

योजना – ना. [तत्स.] कार्यक्रम व्यवस्था प्रबन्ध (उदा. आजको योजना सफल भयो ।

यातना – ना. [तत्स. < यत +आ+आ] शारीरिक तथा मानसिक रूपले सताउने काम, कष्ट पीडा, (उदा. कारागारका बन्दीहरूलाई यातना दिइयो ।)

(र)

रवि – ना. [तत्स.] आदित्य, सूर्य (उदा. रविका किरणले तातो राप आउँछ ।)

रोमाञ्चक – ना. [तत्स.] रमाइलो हर्षित गराउने (उदा. आज साथीहरूसँग रोमाञ्चक भइयो ।

रासायनिक मल – वि. [तत्स.] कारखानाबाट उत्पादित मल (उदा. कृषकहरू रासायनिक मलको प्रयोग गर्दछन् ।)

रोदी घर – ना. [आ.] रोदी बस्न वा उत्सव मनाउनका निम्ति तोकिएको घर वा थलो (उदा. रोदीघरमा लोगदोहरी गाइन्छ ।)

रसायन शास्त्र – ना. [तत्स.] पदार्थमा रहने अनेकानेक र सतत्वको विवेचना वा विश्लेषण गर्ने विधा रसायन विज्ञान

रक्ताम्मे – वि. [तत्स. रक्तमय] १. जताततै रगत लागेको र चोट लागेको रगतैरगत भएको रगतपच्छे (उदा. बाटोभरी रक्ताम्मे थियो ।)

रथ – ना. [तत्स.] १. प्राचीन कालमा घोडाले तानेर हिँडाउने चारपाङ्ग्रे सवारीसाधन वा बाहन (उदा. पहिला पहिला रथ हाक्ने चलन थियो ।)

रिसानी – ना. [रिस+आनी] रिसाउने काम नाराजी (उदा. भूल भए माफ पाऊँ विनसित्ति रिसानी नहोस् मुमा !)

राष्ट्रभक्त – ना [तत्स.] देशप्रति समर्पित देशको माया गर्ने (उदा. पृथ्वी नारायण शाह राष्ट्रभक्त थिए ।)

रक्षा – ना. [तत्स.] कथ्य + रच्छे, सङ्कट वा दुःखद अवस्थाबाट उद्धार गर्ने काम बचाउ । (उदा. हे भगवान हामी सबैको रक्षा गर ।)

रहनसहन – /रहन्सहन्/ ना. [रह+अन] मानिसहरूको चालचलन, भेषभूषा, लवाइ खवाई (उदा. तराई र पहाडको रहनसहन फरक छ ।

राडीपाखी – ना. सामान्य ओद्नेओधाउने । (उदा. हिजो राडीपाखी किने ।)

(ल)

लगानी – /लगानि/ ना. [लगाउ+अनि] कसैलाई व्याज तिर्ने गरी सापटी दिइएको धन, उद्योग वा व्यापारका लागि पहिले गरेको खर्च (उदा. सरकारले कृषिमा करोडौ लगानी गरेको छ ।)

लगनशील – ना. [तत्स.] लगन भएको काममा पत्रचित्र रहने (उदा. राम धेरै नै लगनशील छ ।)

लगभग – क्र.वि. [तत्स. लग्+भग्] पुगनपुग, झन्डै झन्डै नजिक नजिक (उदा. लगभग आजको कोटा पुग्यो ।)

(व)

वृद्ध – वि. [तत्स.] धेरै उमेर भएको बुढो (उदा. बाटामा आज कस्तो वृद्ध मान्छे भेटे ।)

व्याकुल – वि. [तत्स.] कुनै दुःख वा पीरले गर्दा मनमा शान्ति नभएको (उदा. अशान्तिले म व्याकुल भएको छु ।)

वेशभूषा – ना. [तत्स.] शरीरमार पहिरिएको वस्तु आभूषण (उदा. आफ्नो देशको आ-आफ्नो वेशभूषा ।)

विभेद – ना. [तत्स.] मतभेद, फुट, पक्षपात (उदा. छोराछोरी बिचको विभेद अन्त्य गर्नुपर्छ ।)

विशेषत – ना. [तत्स.] विशेष हुनाको भाव वा अवस्था । (उदा. उनको आफ्नै विशेषता छ ।)

वाल्ल – क्रि.वि. रल्लिने चालमा अलमल्ल जिल्ल । (उदा. लक्ष्मण वाल्ल परेर बसेको छ । )

विषालु – वि. [तत्स.] विष मिसिएको विष भएको विषयुक्त (उदा. यो सर्प कस्तो विषालु रहेछ ।)

व्यावहारिक – वि. [तत्स.] व्यवहारमा आइपर्ने (उदा. हरिना कस्तो व्यावहारिक छिन् ।)

विभेद – ना. [तत्स.] अलल खराब, सत्य असत्य, अन्याय आदि छुट्याउने क्रिया ।

वचन – ना. [तत्स.] मानिसका मुखबाट निस्कने वा उच्चरित हुने कुनै पनि सार्थक शब्द, बोली वाणी (उदा. देवका वचन त ठिक्क मिल्छन् ।)

विनयशील – वि [तत्स.] नम्रस्वभाव भएको, सुशील (उदा. रामकी आमा विनयशील स्वभावकी छिन् ।

विसर्जन – ना. [तत्स.] कुनै कुरा छोड्ने काम परित्याग । (उदा. आजको सभा विसर्जन गरिन्छ ।

विश्वव्यापी – वि. [तत्स.] विश्वम ासर्वत्र ढाकिरहेको सबै ठाउँ ओगटेर बसेको ।

वायुमण्डल – ना. [तत्स.] आकाश पृथ्वीको चारैतिर रहेको हावाको आवरण वातावरण (उदा. बादलले वायुमण्डल नै ढाकेको छ ।)

विषवृक्ष – ना. [तत्स.] विषदार वृक्ष, विखालु रुख (उदा. एक प्रकारको विषवृक्ष रुख छ ।)

विभूति – ना. [तत्स.] पुगीससरीको अवस्था । धन दौलत सम्पत्ति (उदा. नेताहरूसँग धेरै विभूति छ । )

वेभसाइट – [आ.] विद्युतीय सूचना सञ्चार इन्टरनेटको साइट ।

विराट् – ना. [तत्स.] १. विश्व संसार २. क्षत्रीय (उदा. आज सीताको घरमा विराट् पर्व छ ।

वाहान – ना. [तत्स.] मानिस चढेर दिइने सजीव वा निर्जीव साधन ( उदा. राष्ट्रपतिको बाहान आयो ।)

वादन – ना. [तत्स.] १. बाजा बजाउने काम बजाइ (उदा. नाच्नलाई वादन बजाइन्छ ।)

व्यक्तित्व – ना. [तत्स.] कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण (उदा. अन्जुको व्यक्तित्व राम्रो छ ।)

वातावरण – ना. [तत्स.] पृथ्वीको चारैतिर फिँजिएको हावा (उदा. हामी बस्ने वातावरण सफा राख्नुपर्छ ।)

(श)

शिष्य – ना. [तत्स.] शिक्षकद्वारा कुनै किसिमको शिक्षा प्राप्त गर्ने व्यक्ति विद्यार्थी । (उदा. गुरु र शिष्य एकदमै मिल्ने थिए ।)

शीर्षक – ना. [तत्स.] लेख निबन्ध, कविता आदिको शिरमा रहने नाम, टाउको । (उदा. निबन्धको शीर्षक राम्रो भए पो निबन्ध राम्रो हुन्छ ।)

शोभा – ना. [तत्स.] सौन्दर्य, सुन्दरता । (उदा. यो साडी त कस्तो शोभामय छ ।

शासन – ना. [तत्स.] आज्ञा, आदेश, हुकुम । (उदा. यो देशमा नेताहरूकै शासन छ ।)

शोकमग्न – ना. [तत्स.] पिरले सताइएको । (उदा. युधिष्ठिरका चारवटै भाइ मृत अवस्थामा फेला पर्दा युधिष्ठिर शोकमग्न भए ।)

शत्रु – ना. [तत्स.] कथ्य सत्तुर चर्को वैमनस्य वा विरोध भएको व्यक्ति दुस्मन (उदा. शत्रुहरू धेरै हुन्छन् ।)

| | | |
|---|---|---|
| शङ्का | – | ना् [तत्स.] केही अनिष्ट होला कि भन्ने डर आशङ्का सन्दी ( उदा. शङ्काले लङ्का पिर्छ । (उखान) |
| शैली | – | ना. [तत्स.] विशेष किसिमले कुनै काम गर्ने प्रणाली वा पद्धति (उदा. रामेश्वरको पढ्ने शैली छुट्टै छ । |
| शिथिल | – | वि. [तत्स.] राम्ररी नकसिएको दह्रो नभएको (उदा. रामको भारी शिथिल भएको रैछ ।) |

(ष)

| | | |
|---|---|---|
| षट्कोण | – | /सट्कोण/ ना. [तत्स. षट्+कोण] छ वटा कुना वा कोण हुने रेखाचित्र (उदा. उसले कापीमा षट्कोण बनायो ।) |

(स)

| | | |
|---|---|---|
| सार | – | ना. [तत्स.] कुनै वस्तु वा पदार्थको मुख्य भाग मुख्य अंश । |
| स्नेह | – | ना. [तत्स.] प्रेम, माया, आत्मीय व्यक्ति (उदा. मेरो बुवा आमाले असाध्यै स्नेह गर्दछन् । |
| सागर | – | ना. [तत्स.] १. पुराण अनुसार राजा सगरका छोराले बनाएको समुद्र (र) मुर्दा पोल्ने घाट, मसान (उदा. सागर सरी माया तिमीलाई दिउँला ।) |
| समाजविहीन | – | वि [तत्स.] समाज नभएको (उदा. समाज विहीन भएर मान्छे बाँच्न सक्दैन । |
| सद्भाव | – | ना. [तत्स.] असल भाव वा विचार स्नेह (उदा. मेरी आमा सधैँ असल सद्भाव राख्नु हुन्छ । |

सामर्थ्य – ना. [तत्स.] १. क्षमता योग्यता २. शक्तिबल शिक्षकहरू ( उदा. सबै सामर्थ्य हुन्छन् भन्ने छैन ।)

सम्प्रदाय – ना. [तत्स.] खास विचार वा धर्म मान्ने समूह (उदा. लिम्बूहरूको आफ्नै सम्प्रदाय छ ।)

सम्मिश्रण – ना. [तत्स.] मिसावट मिश्रण (उदा. चिनी र चावलको समिश्रण गरियो ।)

स्वावलम्बीपन – ना. [तत्स.] आफ्नो काम आफैँ गर्ने गुण । उदा. मेरी आमा स्वालम्बीपन् छिन् ।)

सचेत – वि. [तत्स.] १. चेतना भएको वा चेत फर्केको (उदा. महिमा कति सचेत भइकी छिन् ।)

सजावट – ना. [सजाउ+आवत] सजाउने वा सिँगार्ने काम (उदा. यो कोठाको सजावट राम्रो छ ।)

समझदारी – ना. [प्रा. समझ] समझदार हुने बुद्धिमानी, होसियारी । (उदा. दिपक समझदार छन् ।)

समर्पण – ना. [तत्स.] श्रद्धासाथ कसैलाई कुनै चीज दिने वा चढाउने काम (उदा. जीवन समर्पण गरे ।)

सुपरिचित – ना. [तत्स.] राम्रोसँग परिचय भएको राम्रोसँग चिनेको (उदा. दिनेश मेरो सुपरिचित साथी हो ।)

स्वाध्ययन – ना.[तत्स.] शिक्षक विना आफैँ अध्ययन गर्ने काम (उदा. भवानी भिक्षुले स्वअध्ययनबाट उच्च शिक्षा हासिल गरे ।)

| | | |
|---|---|---|
| साधक | – | ना. [साध्+अक] लामो समयसम्म निरन्तर अध्ययन गर्ने व्यक्ति (उदा. पहिलेदेखि नै साधक हुन् हरि ।) |
| सोत्तर | – | ना. [तत्स. शोषास्तर > प्रा. > सोसअत्र > सोहतर] पालुवा पशुहरूलाई थलो ओबानो राख्नका निम्ति ओद्रयाउने सुख्खा पातपटङ्कर (उदा. सुकेका पातहरूको सोत्तर राख्छन् ।) |
| सनाई | – | ना. [अन] सुकेपनि हरियैरहने एक प्रकारको पात । |
| सन्देश | – | ना. [तत्स.] पालन गर्नुपर्ने कुनै आज्ञा आदेश । (उदा. अरनीले कुनै सन्देश छोड्नुभयो ।) |
| सेवामूलक | – | ना. [तत्स.] सेवासँग सम्बन्धित (उदा. दिपकले सेवामूलक काम गरेकै छ ।) |
| सञ्जाल | – | ना. [तत्स.] भलादमी सुजन असल मान्छे । (उदा. पार्वती सञ्जाल छिन ।) |
| सिकार | – | ना. [आ.] जङ्गली जनावर मार्ने काम (उदा. राजाहरू सिकार खेल्न जङ्गल तिर जान्थे ।) |
| सुनसान | – | ना. [तत्स.] कुनै आवाज वा हल्ला नभएको स्थिति (उदा. आज कस्तो सुनसान लागेको छ ।) |
| समयपालक | – | ना [तत्स.] समय हेरी जनाउ दिने व्यक्ति (उदा. आजको वतृत्व कलामा रामसर समयपालक भए ।) |
| सत्यवादी | – | वि. [तत्स.] साँचो बोल्ने (उदा. युधिष्ठिर सत्यवादी थिए ।) |

स्वार्थी – ना. [तत्स.] आफ्नो मात्र भलाई चाहने (उदा. यो संसार नै स्वार्थी छ ।)

सहानुभूति – ना. [तत्स.] अर्कोको दुःख वेदना आदिमा हुने समान अनुभूति (उदा. रामका मामा देखेर मलाई सहानुभूति भयो ।)

सच्चरित्र – वि. [तत्स.] असल चिरित्र भएको (उदा. हिरा सच्चरित्रकी छ ।)

स्नातक – ना. [तत्स.] कुनै विश्वविद्यालयबाट वी.ए. वा शास्त्रीसरहको उपाधि प्राप्त गरेको व्यक्ति (उदा. सोभाले स्नातक पास गरिन् ।)

सभा – ना. [तत्स.] सार्वजनिक भेल बैठक (उदा. आज यहाँ के को सभा रहेछ ।)

सहायक – ना. [तत्स.] सहयोग गर्ने व्यक्ति सट्टामा काम गर्ने व्यक्ति (उदा. सहायक डिनका हाल त्यस्तै छन् ।)

स्वच्छ – ना. [तत्स.] निर्मल सफा शुद्ध पवित्र (उदा. हाम्रो वातावरण स्वच्छ छ ।)

सन्त्रस – ना. [तत्स.] हडबढाउने अवस्था व्याकुलता डर छटपटी (उदा. अचेल किन हो मलाई सन्त्रास भएको छ ।)

सन्तुष्ट – वि. [तत्स.] सन्तोष प्राप्त गरेको चित्त बुझेको (उदा. मानवहरू जति धनी भए पनि सन्तुष्ट भने हुँदैन ।

सर्वत्र – क्रि.वि. [तत्स.] सबै ठाउँमा सबैतिर जहाँतहीँ (उदा. सर्वत्र घाम लागेको छ ।)

समर्थन – ना. [तत्स.] कुनै प्रस्ताव तथा राय, विचार र कसैले भनेको कुरालाई पुष्टि गर्ने काम ।

सिँढी – ना. [तत्स. श्रेणी] अग्लो ठाउँ मन्दिर (उदा. बागभैरव मन्दिर जान कति सिँढी चढ्नुपर्छ ।)

साहस – ना. [तत्स.] कठिन वा अप्ठेरा काम पनि गर्ने आँट हिम्मत (उदा. प्रभाकी आमा कति साहस भाकी छन् ।)

सिर्जनशीलता – ना. [तत्स.] रचनात्मकता सिर्जना क्षमता (उदा. कला मस्तिष्क र सिर्जनशीलताको उपज हो ।)

सुस्केरा – ना. [सुस + कार + आ] हावापानी आदि सुसाएको आवाज (उदा. आज पानी सुस्केरा हालेर पऱ्यो ।)

साधन – ना. [तत्स.] सफलताका लागि निरन्तरताको प्रयास (उदा. म पास हुनलाई साधना गरिरा छु ।)

सभ्य – वि. [तत्स.] असल आचरण भएको शिष्ट (उदा. हामीले सभ्य समाजको निर्माण गर्नुछ ।)

सुसेली – ना. [सुसेलो + ई] ओठ खुच्याएर सास भित्रबाहिर निकालिने एक किसिमको आवाज (उदा. सुसेली हालेर गीत गाएको रामले ।)

(ह)

हुन्डरी – वि. १. हुन्डर मच्चाउने उपद्रवी उपदो गर्ने (उदा. गणेशले कस्तो हुन्डरी मच्चाएको छ ।)

हिम्मत – ना. [आ.] कठिन काम गर्ने सन्साहवा साहस (उदा. कस्तो हिम्मत भाको मान्छे रहेछ ।)

हर्ष – ना. [तत्स.] प्रसन्नता, खुसियाली (उदा. चिताएको कुरो पुग्दा म हर्षित छु ।)

हृष्टपुष्ट – वि [तत्स.] बलियो माटो (उदा. यो जमिनको माटो हृष्टपुष्ट छ ।

हतकडी – ना. [हात+कडी] नारीमा लगाइने फलामे कडी वा बाला । ( उदा. अपराधीलाई हतकडी लगायो ।)

## ४.३ नमुना कोशको विश्लेषण

प्रस्तुत शोधकार्यमा जम्मा ३५० वटा शब्दहरूलाई प्रविष्टि दिएर कोश तयार गरिएको छ । यस कोशमा प्रविष्टि पाएका शब्दहरूलाई स्रोतका आधारमा पदवर्गका आधारमा र वर्णका आधारमा तालिकामा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ४.४ स्रोतका आधारमा शब्दहरूको विश्लेषण

प्रस्तुत शोधकार्य नमुना शब्दकोश निर्माण भएकाले जसका नमुनाका रूपमा शब्दहरू छनोट गरेको छ तर शब्द छनोटमा एकरूपता पाइँदैन । स्रोतका आधारमा हेर्दा प्रस्तुत शोधकार्यमा प्रविष्टि पाएका शब्दहरूलाई तत्समलाई (तत्स), आगन्तुकलाई (आ), अनुकरणामूलकलाई (अमू) भनी सङ्केत गरेको छ भने तद्भव शब्दलाई कुनै सङ्केत दिइएको छैन । स्रोतका आधारमा शब्दको विश्लेषण गर्दा नमुना शब्दकोशमा प्रविष्टि पाएका शब्दलाई सङ्ख्यात्मक रूपमा तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. १


## स्रोतका आधारमा शब्दहरूको वर्गीकरण

| शब्दहरूको प्रकार | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| तत्सम शब्द | २६७ | ७६.२८ |
| तद्भव शब्द | ६६ | १८.८६ |
| आगन्तुक शब्द | १५ | ४.२८ |
| अनुकरण शब्द | २ | ०.५७ |
| जम्मा | ३५० | १०० |

स्रोतका आधारमा प्रविष्टि पाएका शब्दहरूमध्ये सबैभन्दा बढी संस्कृत मूलका शब्दहरू रहेका छन् । संस्कृत मूलका शब्दहरूलाई तत्सम भनी सङ्केत गरेको छ । जसमा तत्सम शब्दहरू २६७ (७६.२८ प्रतिशत), तद्भव ६६ (१८.८६ प्रतिशत), आगन्तुक शब्द १५ (२८ प्रतिशत), अनुकरणमूलक शब्द २ (०.५७ प्रतिशत) शब्दहरू प्रविष्टिमा लिइएका छन् । प्रस्तुत तथ्याङ्कलाई अझ स्पष्ट पार्न तलको वृत्तचित्रमा देखाइएको छ :

## चित्र नं. १

## स्रोतका आधारमा शब्दहरूको वर्गीकरण



## ४.५ पदवर्गका आधारमा शब्दहरूको विश्लेषण

वाक्यमा प्रयोग हुँदा व्याकरणात्मक कार्य जनाउने शब्दलाई पदवर्ग भनिन्छ । जसअन्तर्गत नाम, सर्वनाम, क्रिया, संयोजक, निपात, विस्मयादिबोधक, द्वित्व, नामयोगी, सकर्मक क्रिया, अकर्मक क्रिया, क्रिया विशेषण आदि पर्दछन् । प्रस्तुत शोधपत्रमा यी सबै वर्गका शब्दहरू नपाए पनि धेरै वर्गका शब्दहरू समेट्ने प्रयास गरिएको छ । प्रस्तुत अध्ययनमा प्रविष्टि पाएका शब्दहरूलाई निम्नलिखित वर्गमा वर्गीकरण गरी विश्लेषण गरिएको छ :

तालिका नं. २


पदवर्गका आधारमा शब्दहरूको वर्गीकरण

| शब्दहरूको प्रकार | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नाम | २६९ | ७६.८५ |
| विशेषण | ७० | २० |
| क्रियाविशेषण | १० | २.८५ |
| अकर्मक क्रिया | १ | ०.२९ |
| जम्मा | ३५० | १०० |

व्याकरणात्मक कोटिहरू धेरै भए पनि प्रस्तुत शोधपत्रमा केही मात्रामा शब्दहरूले प्रविष्टि पाएका छन् । जसअन्तर्गत नाम, विशेषण, क्रियाविशेषण, अकर्मक क्रिया जस्ता कोटिका शब्दहरूले प्रविष्टि पाएका छन् । प्रस्तुत शोधमा सबैभन्दा बढी नाम २६९ (७६.८५ प्रतिशत) रहेको छ भने विशेषणमा ७० (२० प्रतिशत), क्रियाविशेषण १० (२.८५ प्रतिशत) अकर्मक क्रिया १ (०.२९ प्रतिशत) रहेका छन् । प्रस्तुत तथ्याङ्कलाई अझ स्पष्ट पार्नको लागि तलको वृत्तचित्रमा देखाइएको छ :

चित्र नं. २

पदवर्गका आधारमा शब्दहरूको वर्गीकरण




## ४.६ वर्णका आधारमा शब्दहरूको विश्लेषण

मानवीय उच्चारित शब्दको अर्थमा भिन्नता ल्याउने ध्वनि नै वर्ण हो । प्रस्तुत शोधमा यिनै वर्णहरूको प्रविष्टि दिइए नमुना कोश निर्माण गरिएको छ । ४३ वर्णहरूका शब्दलाई समावेश गरेको छ ।

तालिका नं. ३

वर्णका आधारमा शब्दहरूको वर्गीकरण

| वर्ण | शब्द सङ्ख्या | वर्ण | शब्द सङ्ख्या | वर्ण | शब्द सङ्ख्या |
|---|---|---|---|---|---|
| अ | २९ | ज | १४ | म | २२ |
| आ | १४ | ज्ञ | २ | य | ६ |
| इ | ४ | झ | ५ | र | १२ |
| ई | २ | ट | २ | ल | ३ |
| उ | ११ | ठ | २ | ब | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ऋ | ३ | ड | १ | श | ९ |
| ए | २ | ढ | ३ | ष | १ |
| ऐ | १ | त | ९ | स | ४३ |
| ओ | ३ | त्र | २ | ह | ५ |
| औ | २ | थ | १ | | |
| क | १३ | द | ५ | | |
| क्ष | २ | ध | ८ | | |
| ख | ८ | न | ९ | | |
| ग | ८ | प | ३४ | | |
| घ | ३ | फ | ३ | | |
| च | ५ | ब | ९ | | |
| छ | १ | भ | ८ | | |

प्रस्तुत शोधमा उपर्युक्त वर्णका शब्दहरूलाई प्रविष्टि दिई ती शब्दको स्रोत उच्चारण पदवर्ग, अर्थ र उदाहरणका दिइएको छ । प्रस्तुत शोधमा समावेश गरेका ३५० शब्दहरूलाई वर्णानुक्रममा प्रस्तुत गरिएको छ । जसमा पहिले स्वर वर्णका र पछि व्यञ्जन वर्णका शब्दलाई अकारारिदमा प्रस्तुत गरिएको छ । वर्णहरूको रखाइ नेपाली बृहत शब्दकोश र प्रयोगात्मक नेपाली शब्दकोशमा आधारमा छ । यसमा समावेश गरेका सबैभन्दा बढी अ, प, म, व र स जसमध्ये सबभन्दा बढी स मा छन् ४३, प मा ३४, अ मा २९ र म र व मा २२/२२ वटा शब्द लिइएका छन् भने सबैभन्दा कम ऐ, छ, ड, थ र ष का १/१ वर्ण लिइएका छन् । पञ्चम वर्ण ङ, ञ र ण का शब्दहरूले प्रविष्टि पाएका छैनन् । यसैगरी स्वर वर्णका ऊ, अं अः वर्णले पनि प्रविष्टि पाएका छैनन् ।

प्रस्तुत नमुना शब्दकोश निर्माण शीर्षकको शोधपत्रमा पाठ्यपुस्तकमा प्रयुक्त सबै शब्दहरूलाई समवेश नगरी मुख्य मुख्य शब्दहरूलाई मात्र यस अध्ययनमा समावेश गरिएको छ ।

## निष्कर्ष

यस शब्दकोशमा स्रोतका आधारमा, पदवर्गका आधारमा र वर्णका आधारमा शब्दको वर्गीकरण गरिएको छ । जसमा स्रोतका आधारमा प्रविष्टि पाएका शब्दहरूमध्ये सबैभन्दा बढी संस्कृत मूलका शब्दहरू रहेका छन् । संस्कृत मूलका शब्दहरूलाई तत्सम भनी सङ्केत गरेको छ । जसमा तत्सम शब्दहरू २६७ (७३.२२ प्रतिशत), तद्भव ६६ (१८.८६ प्रतिशत), आगन्तुक शब्द १५ (२८ प्रतिशत), अनुकरणात्मक शब्द २ (०.५७ प्रतिशत शब्दहरू प्रविष्टिमा लिइएका छन् ।

व्याकरणात्मक कोटिहरू धेरै भए पनि प्रस्तुत शोधपत्रमा केही मात्रामा शब्दहरूले प्रविष्टि पाएका छन् । जसअन्तर्गत नाम, विशेषण, क्रियाविशेषण, अकर्मक क्रिया जस्ता कोटिमा शब्दहरूले प्रविष्टि पाएका छन् । प्रस्तुत शोधमा सबैभन्दा बढी नाम २६९ (७६.८५ प्रतिशत) रहेको छ भने विशेषण ७० (२० प्रतिशत), क्रियाविशेषण १० (२.८५ प्रतिशत), अकर्मक क्रिया १ .०.२९ प्रतिशत) रहेका छन् ।

वर्णका आधारमा हेर्दा यसमा समावेश गरेका सबैभन्दा बढी अ, प, म, व र स जसमध्ये सबभन्दा बढी स मा ४३, प मा ३४, अ र मा २९, म र व मा २२/२२ वटा शब्द लिइएका छन् भने सबैभन्दा कम ऐ, छ, ड, थ र ष का १/१ वर्ण लिइएका छन् । पञ्चम वर्ण ङ, ञ र ण का शब्दहरूले प्रविष्टि  पाएका छैनन् । यसैगरी स्वर वर्णका ऊ, अं, अः वर्णले पनि प्रविष्टि पाएका छैनन् । स्रोतका आधार र पदवर्गको आधारलाई वृत्तचित्रद्वारा पनि देखाइएको छ ।

# अध्याय पाँच

## तथ्याङ्कको व्याख्या तथा विश्लेषण

प्रस्तुत शोधपत्रको उद्देश्यलाई ध्यानमा राखी तथ्याङ्क सङ्कलन गर्दा कक्षा छमा अध्ययनरत विद्यार्थीहरूलाई नमुना छनोटका रूपमा लिइएको छ । तीनवटा विद्यालयमा तीस जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिई शब्दसम्बन्धी के कस्तो ज्ञान छ र पुस्तकमा भएको शब्दहरू छनोट गरी तीनवटै विद्यालयबाट दश/दश जना विद्यार्थी छनोट गरी छुट्टाछुट्ट शब्दहरू सोधिएका छन् जसमध्ये ५/५ वटा शब्दको अर्थ लेखन र ५/५ वटा शब्दको वाक्य प्रयोग गर्न लगाएको छ । विद्यार्थीहरू पाएको अङ्कलाई औसतमा निकाली विश्लेषण गरिएको छ । विद्यार्थीले पाएको अङ्कलाई छुट्टाछुट्टै विद्यालयको छुट्टाछुट्टै तालिकामा निम्नानुसार देखाइएको छ ।

तालिका नं. ४

कल्याण माध्यमिक विद्यालय बालकुमारी दुप्चेश्वर-५, नुवाकोट

| क.सं. | शोधका प्रश्नका प्रकार | शब्द सङ्ख्या | | प्राप्ताङ्क | |
|---|---|---|---|---|---|
| | | अङ्क | प्रतिशत | अङ्क | प्रतिशत |
| १. | शब्दहरूको अर्थ लेख्ने | ५ | ५ | ३.२ | ८० |
| २. | शब्दलाई वाक्यमा प्रयोग गर्ने | ५ | ५ | २.३२ | ५८ |

तालिका नं. ५

तादी भ्यु एकेडेमी, तादी- ३, नुवाकोट

| क.सं. | शोधका प्रश्नका प्रकार | शब्द सङ्ख्या | | प्राप्ताङ्क | |
|---|---|---|---|---|---|
| | | अङ्क | प्रतिशत | अङ्क | प्रतिशत |
| १. | शब्दहरूको अर्थ लेख्ने | ५ | ५ | १.८४ | ४६ |
| २. | शब्दलाई वाक्यमा प्रयोग गर्ने | ५ | ५ | ३.६८ | ९२ |

तालिका नं. ६

जनसेवा माध्यमिक विद्यालय, पाँगा, कीर्तिपुर

| क.सं. | शोधका प्रश्नका प्रकार | शब्द सङ्ख्या | | प्राप्ताङ्क | |
|---|---|---|---|---|---|
| | | अङ्क | प्रतिशत | अङ्क | प्रतिशत |
| १. | शब्दहरूको अर्थ लेख्ने | ५ | ५ | २.०८ | ५२ |
| २. | शब्दलाई वाक्यमा प्रयोग गर्ने | ५ | ५ | ३.२ | ८० |

## ५.१ शब्दको अर्थ लेख्ने

शब्दको मूलभाव अर्थमा रहेको हुन्छ । त्यसैले शब्दका बारेमा विस्तृत रूपमा जान्न अर्थको जानकारी पाउन आवश्यक हुन्छ । विद्यार्थीको शब्दको अर्थसम्बन्धी के कति ज्ञान छ भनेर ३ वटा विद्यालयका ३० जना विद्यार्थीलाई नमुनाका रूपमा छनोट गरी ५/५ वटा शब्दहरूको अर्थ लेख्न लगाइयो । जसका लागि ५/५ अङ्क भार राखेको थियो । जसमा कल्याण माध्यमिक विद्यालय बालकुमारी नुवाकोटका विद्यार्थीहरूले ५ जनाले ५ वटै शब्दको सही अर्थ लेखेका छन् । २ जनाले ४ वटा शब्दको सही अर्थ लेखेका छन् । २ जनाले ३ वटा शब्दको सही अर्थ लेखेका छन् भने १ जनाले भने एक शब्दको सही अर्थ दिएका छन् । जसमा ३.२ औसत अङ्क रहेको छ भने ८० प्रतिशत सही उत्तर रहेका छन् । यो तथ्याङ्कलाई हेर्दा अधिकांशले शब्दको अर्थका बारेमा जानकारी राखेको देखिन्छ ।

तादी भ्यु एकेडेमी, तादी-३, नुवाकोट विद्यार्थीहरूले गर्ने आठ जनाले दुई वटा शब्दको सही उत्तर लेखेको छ, एक जनाले तीनवटा शब्दको सही उत्तर लेखेको छ भने एक जनाले ४ वटा शब्दको सही उत्तर लेखेको छ जसमा १.८४ औसत अङ्क रहेको छ भने ४६ प्रतिशत सही उत्तर रहेका छन् । तथ्याङ्कलाई हेर्दा विद्यार्थीहरू शब्दसम्बन्धी ज्ञान कम रहेको पाइयो ।

जनसेवा माध्यमिक विद्यालय, पाँगा, कीर्तिपुरका विद्यार्थीहरूलाई भने एकजना विद्यार्थीले ५ वटै शब्दको सही उत्तर लेखेको छ । चारजनाले ४ वटा शब्दको सही उत्तर लेखेको छ । दुई जनाले २ वटा शब्दको सही उत्तर दिएको छ । दुई जनाले एक शब्दको सही उत्तर दिएको छ भने एक जनाले एउटाको सही उत्तर दिएको छैन । जसमा २.०८

औसत अङ्क रहेको छ भने ५२ प्रतिशत सही उत्तर रहेका छन् । तथ्याङ्कलाई हेर्दा विद्यार्थीलाई शब्दसम्बन्धी ज्ञान कम रहेको पाइयो ।

## ५.२ शब्दलाई वाक्यमा प्रयोग गर्ने

शब्दको सही र प्रभावकारी रूपमा ज्ञान गराउने र शब्दको मूल मर्म वाक्यमा प्रयोगबाट आउँदछ । कक्षा छका विद्यार्थीले शब्दलाई वाक्यमा कसरी प्रयोग गर्दछन् भनेर ३ वटा विद्यालयका ३० जना विद्यार्थीलाई नमुनाका रूपमा छनोट गरी ५/५ वटा शब्दहरूको वाक्य प्रयोग गर्न लगाए जसमा कल्याण माध्यमिक विद्यालय बालकुमरी दुप्चेश्वर ५, नुवाकोट १० जना विद्यार्थीले पाएको अङ्कलाई औसतमा हेर्दा २.३२ तथा ५८ प्रतिशत सही उत्तर आएको छ । त्यसैगरी तादी भ्यु एकेडेमी, तादी-२, नुवाकोट विद्यार्थीहरूको अङ्कलाई औसतमा हेर्दा ३.६८ तथा ९२ प्रतिशत सही उत्तर आएको छ । त्यसैगरी जनसेवा माध्यमिक विद्यालय पाँगा कीर्तिपुरका विद्यार्थीहरूको अङ्कलाई औसतमा हेर्दा ३.२ तथा ८० प्रतिशत सही उत्तर आएको छ । जसलाई प्रभावकारी रूपमा तीनवटै विद्यालय विद्यार्थीहरूले वाक्यमा प्रयोग गर्न सक्ने रहेछन् भन्ने कुरालाई तथ्याङ्कले देखाइन्छ ।

समग्रमा भन्दा भाषाको अर्थपूर्ण एकाइ शब्द हो । शब्दको जानकारी भयो भने भन्न खोजेको कुराको पूर्व रूपमा जानकारी पाइन्छ । प्रस्तुत कक्षा छको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण शीर्षकको शोधकार्य सम्पन्न गर्नका लागि कक्षा छको नेपाली पाठ्यपुस्तकमा रहेका शब्दको छनोट गरेर तीनवटा विद्यालयका तीस जना विद्यार्थी नमुनामा परेका विद्यार्थीहरूको शाब्दिक ज्ञान के कति छ ? नमुना शब्दकोश निर्माण शीर्षकको महत्त्व के कति छ ? त्यसमा तीनवटै विद्यालयको छुट्टाछुट्टै प्रश्नपत्र बनाएर विद्यार्थीहरूके शाब्दिक क्षमताको जाँच गरेको छ । प्रश्नपत्रमा ५/५ शब्दको अर्थ लेख्नका लागि ५/५ वटा शब्दको वाक्यमा प्रयोग गर्नका लागि जसका लागि १०/१० अङ्कभार छुट्याएको छ । सम्पूर्ण विद्यालयका विद्यार्थीको औसत अङ्कलाई हेर्दा शब्दको अर्थ लेख्नमा विद्यार्थीहरू अति कमजोर नै देखिए भने वाक्य प्रयोगमा  विद्यार्थीहरू भेटिए । प्रस्तुत शोधकार्यले विद्यार्थीको कमजोर पक्षका बारेमा जानकारी गराई शब्दसम्बन्धी पूर्ण सहयोग गर्ने भएकाले कक्षा छ को नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण शोधकार्य महत्त्वपूर्ण देखिन्छ ।

# अध्याय छ

# सारांश, निष्कर्ष र उपयोगिता

## ६.१ सारांश

प्रस्तुत शोधकार्य 'कक्षा छको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण' शीर्षकमा केन्द्रित रहेको छ । आधारभूत तहअन्तर्गत कक्षा छमा अध्ययन गर्ने विद्यार्थीहरूलाई लक्षित गरी नमुना शब्दकोश निर्माण गरिएको छ ।

प्रस्तुत अध्ययनलाई छ अध्यायमा राखेर खोज, अध्ययन, अनुसन्धान, वर्णन र विश्लेषण गरिएको छ । जसअन्तर्गत पहिलो अध्यायमा शोध परिचय शीर्षक राखी अध्ययनको पृष्ठभूमिको चर्चा गरेर समस्याको पहिचान गर्ने काम गरिएको छ । उक्त समस्याको समाधान गर्नका लागि समस्यासँग सम्बन्धित उद्देश्यको निर्धारण गरिएको छ । यससँगै अध्ययनको औचित्य अध्ययनको सीमाङ्कन अध्ययनको रूपरेखा प्रस्तुत गरिएको छ । यसरी पहिलो अध्यायबाट शब्दकोश निर्माणको कार्यलाई गति प्रदान गरिएको छ ।

दोस्रो अध्यायअन्तर्गत पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणाको चर्चा परिचर्चा गरिएको छ । यसअन्तर्गत विभिन्न पुस्तक र पहिले गरिएका शब्दकोशसम्बन्धी शोधकार्यको पुनरावलोकन गरिएको छ । त्यस्तै सैद्धान्तिक अवधारणाअन्तर्गत शब्दकोशको परिचय र परिभाषा, शैक्षणिक शब्दकोश शैक्षणिक शब्दकोशको उपयोगिता, कोशको स्वरूप, कोश सम्पादन प्रक्रियालाई समावेश गरिएको छ ।

तेस्रो अध्यायमा नमुना शब्दकोश निर्माणको अध्ययन विधि र शोधविधि छ । प्रस्तुत नमुना शब्दकोश निर्माणको प्रक्रियाका लागि प्रमुख रूपमा पुस्तकालय अध्ययन र सहायक रूपमा क्षेत्रीय अध्ययनका साथै व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यमा लागि प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ ।

चौथो अध्यायअन्तर्गत नमुना शब्दकोश निर्माण र विश्लेषण गर्ने कार्य गरिएको छ । कक्षा छको नेपाली पाठ्यपुसतकबाट ३५० वटा शब्दहरू सङ्कलन गरी वर्णानुक्रममा शब्दकोशमा प्रविष्टि दिइएको छ । प्रविष्टिमा आएका शब्दहरूको उच्चारण स्रोत, पदवर्ग, अर्थ र उदाहरण दिई नमुना शब्दकोश निर्माण गरिएको छ । नमुना शब्दकोशमा समावेश

भएका शब्दहरूलाई स्रोतका आधारमा, पदवर्गका आधारमा र वर्णका आधारमा व्यवस्था तथा विश्लेषण गरिएको छ ।

पाँचौ अध्यायभित्र तथ्याङ्कको व्याख्या तथा विश्लेषण रहेको छ । जसअन्तर्गत ३ वटा विद्यालयमा तीन जना विद्यार्थीहरूको शब्दसम्बन्धी क कस्तो ज्ञान छ । भनेर तीनवटै विद्यालयमा छुट्टाछुट्टै शब्दहरू सोधी गरिएको परीक्षणलाई औसत अङ्कका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । प्रश्नपत्रमा सोधिएका शब्दका आधारमा छुट्टाछुट्टै उपशीर्षक दिई कुन प्रश्नका बारेमा विद्यार्थीका के कति ज्ञान छ भनेर विश्लेषण गरिएको छ ।

यस शोधकार्यको अन्तिम अध्यायमा रूपका रहेको सातौँ अध्यायअन्तर्गत सारांश, निष्कर्ष र उपयोगिता रहेको छ । सारांशअन्तर्गत प्रस्तुत शोधकार्यअन्तर्गत रहेका अध्याय एकदेखि सातसम्म समावेश गरिएका शीर्षक/उपशीर्षकको बारेमा चर्चा रहेको छ । त्यसैगरी निष्कर्षमा नमुना शब्दकोश निर्माणको खण्डलाई स्रोत, पदवर्ग, वर्णका आधारमा ३० जना विद्यार्थीले दिइएको आधारलाई औसतका रूपमा हेरेर कुन प्रश्नमा कति औसत अङ्ग ल्यायो भनेर विश्लेषण गरिएको छ र उपयोगितालाई नीतिगत तह र प्रयोगगत तहमा विभाजन गरी अध्ययन गरिएको छ ।

## ६.२ निष्कर्ष

भाषामा छरिएर रहेका शब्दहरूको सङ्कलन गरी तिनलाई उपयुक्त क्रममा मिलाएर व्याख्या गरिएको कोश नै शब्दकोश हो । शब्द भाषाका आधारभूत एकाइ हुन् । भाषाको प्रयोगमा दक्षता हासिल गर्नका लागि भाषाका शब्दहरूको बारेमा जानकारी हासिल गर्नु आवश्यक छ । तसर्थ भाषाका शब्दहरू, उच्चारण स्रोत, पदवर्ग, व्युत्पादन, अर्थ, उदाहरण, प्रयोग आदि कुराको जानकारी दिइएको हुन्छ । नेपाली कोशनिर्माण परम्परा लगायत मुख्य रूपमा कक्षा छ को नेपाली पाठ्यपुस्तक प्रयुक्त शब्दहरूको नमुना कोश निर्माणमा केन्द्रित रहेको प्रस्तुत शोधकार्यबाट निम्नानुसारका निष्कर्षहरू निकालिएको छ ।

(क) प्रस्तुत शोधपत्रमा जम्मा ३५० शब्दहरूको सङ्कलन गरी ती शब्दहरूलाई वर्णानुक्रममा प्रविष्टि दिई उच्चारण, स्रोत, व्युत्पादन, पदवर्ग, अर्थ र उदाहरण दिइएको छ ।

(ख) स्रोतका दृष्टिले २६७ तत्सम, ६६ तद्भव, १५ आगन्तुक र २ वटा अनुकरणमूलक शब्द रहेका छन् ।

(ग) पदवर्गका दृष्टिले २६९ नाम, ७० विशेषण, १० क्रियाविशेषण, १ अकर्मक क्रिया शब्द समावेश भएका छन् ।

(घ) वर्णगत रूपमा हेर्दा सबैभन्दा बढी सभा जसमा ४३ वर्ण छन् त्यस पछि पमा ३४ अ मा २९ म र व मा २२ वटा र सबभन्दा कम ऐ, छ, ङ, थ र ष मा १/१ वर्ण वटा रहेका छन् । कतिपय वर्णहरूले प्रविष्टि नै पाएको छैन ।

(ङ) पञ्चम वर्णका ङ, ञ, ण बाट निर्मित शब्दले नमुना शब्दकोशमा प्रविष्टि पाएका छैनन् । साथै ऊ, अं, अः बाट निर्मित शब्दले पनि प्रविष्टि पाएका छैनन् ।

(च) क्षेत्रगत अध्ययनबाट आएको तथ्याङ्कलाई हेर्दा शब्दको अर्थ लेख्ने प्रश्नमा कल्याण माध्यमिक विद्यालय, बालकुमारी, दुप्चेश्वर ५, नुवाकोटका विद्यार्थीहरूले शब्दको अर्थमा ८० प्रतिशत, वाक्य प्रयोगमा ५८ प्रतिशत, तादी भ्यु एकेडेमी तादी ३ नुवाकोटका विद्यार्थीले शब्दको अर्थमा ४६ प्रतिशत, वाक्य प्रयोगमा ९२%, जनसेवा माध्यमिक विद्यालय पाँगा कीर्तिपुरका विद्यार्थीले शब्दको अर्थमा ५२ प्रतिशत वाक्य प्रयोगमा ८० प्रतिशत औसत अङ्क प्राप्त गरेको छ, जसलाई तालिकामा देखाएको छ ।

## ६.३ उपयोगिता

कुनै पनि अध्ययन अनुसन्धान कार्यको उपयोगिता तथा अध्ययनको प्रयोग क्षेत्रसँग सम्बन्धित हुन्छ । हरेक कार्यको पछाडि त्यो कार्यले कुन कुन पक्षमा सहयोग पुऱ्याउने, के कस्ता विषयको अध्ययनमा सहयोग पुऱ्याउने छ भन्ने विविध विषयलाई समेटेको हुन्छ । प्रस्तुत कक्षा छका नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण, शोधकार्यको उपयोगितालाई नीतिगत उपयोगिता र प्रयोगगत उपयोगिता भनी उल्लेख गर्न सकिन्छ ।

### ६.३.१ नीतिगत उपयोगिता

प्रस्तुत अध्ययनले विभिन्न नीति, नियम तथा कार्यविधि निर्माण सहयोग पुऱ्याउने छ । यस अध्ययनको पाठ्यक्रम निर्माता पाठ्यपुस्तक लेखकदेखि शब्दकोश निर्माण कोशको

सम्पादन, भाषिक ज्ञान  गराउनमा उपयोगी हुने छ । यसका साथै शब्दकोशसम्बन्धी नयाँ खोज, अन्वेषण तथा अनुसन्धान जो कोहीलाई पनि एउटा आधार सामग्रीको रूपमा रहनेछ ।

### ६.३.२ प्रयोगगत उपयोगिता

प्रस्तुत शोधकार्य कक्षा छको नेपाली पाठ्यपुस्तकमा आधारित भई गरिएको हो । त्यसैले कक्षा छमा अध्ययनरत विद्यार्थीहरूलाई शब्दसम्बन्धी विस्तृत ज्ञान आर्जन गर्न उपयोगी रहेको छ । यसका साथै शिक्षकलाई कक्षाको तह र स्तरअनुसार शिक्षण गर्न उपयोगी हुने छ । यस शोधकार्यबाट विद्यार्थीको शब्दहरूको शुद्ध हिज्जे मानक भाषाका बारेमा जानकारी गराउन उपयुक्त व्याकरणात्मक कोटिको पहिचान र प्रयोग गर्न शब्दको अर्थ पाउन विभिन्न चिह्नहरूका सही प्रयोग गर्न सहयोग पुऱ्याउने छ । शिक्षकलाई उपयुक्त तरिकाले शिक्षण गराउन र विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गरेर शिक्षण गर्नमा प्रस्तुत शोधकार्यले सहयोग गर्ने देखिन्छ ।

# सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०६७), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०७०), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

आचार्य, गौतम (सम्पा) (२०६६), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार ।

कार्की, भोजराज (२०७०), 'कक्षा छको नेपाली किताबमा समाविष्ट कथा विधामा प्रयुक्त शब्दहरूको नमुना शैक्षणिक शब्दकोश निर्माण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

जोशी, लोकराज (२०७४), 'कक्षा दशको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, गगनचन्द्र (२०६९), 'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको नमुना शब्दकोश निर्माण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६५), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : शुभकामना पब्लिकेसन प्रा.लि. ।

दाहाल, कल्पना (२०६९), 'कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको नमुना कोश निर्माण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पन्थी, शान्त (२०७०), 'अर्घाखाँची-गुल्मेली उपभाषिका शब्दकोश निर्माण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

पोखरेल, बालकृष्ण (सम्पा.) (२०६९), *नेपाली बृहत् शब्दकोश,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

बोगटी, नरेन्द्रबहादुर (२०७२), 'माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

भण्डारी, दिपकबहादुर (२०७३), 'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६९), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

भारती, रञ्जना (२०७१), 'कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको नमुना कोश निर्माण', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर, काठमाडौँ ।

राई, लिला (२०७१), 'कक्षा छको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दकोश निर्माण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लम्साल, रामचन्द्र (२०५७), *कोशविज्ञान र नेपाली कोश,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, मिथिला (२०७४), 'कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लामिछाने, यादवप्रकाश (२०७०), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद (२०५८), *कोशविज्ञान,* काठमाडौँ : प्रस्तुति प्रकाशन ।